जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २४ • २०८१ साल जेठ ३० गते बुधबार (12 Jun, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपा नेपालको प्रतिवेदन पारित

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधाममा जारी जनता समाजवादी पार्टी (जसपा) नेपालको बन्द सत्रमा अध्यक्ष उपेन्द्र यादवले पेश गरेको राजनीतिक प्रतिवेदन पारित भएको छ।

दोस्रो दिन मंगलबार बिहान १० बजेदेखि सुरु भएको बन्द सत्रमा पार्टी अध्यक्ष यादवले राजनीतिक प्रतिवेदन पेश गरेका थिए।

सो राजनीतिक प्रतिवेदनमाथि छलफल गर्न प्रतिनिधिहरूलाई विभिन्न १० समूहमा विभाजन गरिएको थियो।

प्रत्येक समूहबाट टोली नेताले प्रतिवेदनमाथि आ-आफ्नो समूहमा उठेका विचार र निष्कर्ष प्रस्तुत गरेका थिए। प्रत्येक समूहमा एक सय २० जना प्रतिनिधि रहेको थियो।

८ घण्टाको बहसपछि प्रतिनिधिहरूले सुझावसहित अध्यक्ष यादवले पेश गरेको राजनीतिक प्रतिवेदन पारित गरेको जसपा नेपालका प्रवक्ता मनिष सुमनले जानकारी दिए।

सबै समूहले अध्यक्षको प्रतिवेदनमाथि गहनरुपमा छलफल गरेर आफ्नो सुझावसहित पारित गरेको प्रवक्ता सुमनले बताए। उनले लेखा परीक्षण प्रस्ताव र विधान संशोधन प्रस्ताव समेत पारित भएको बताए।

जसपा नेपालको एकताको राष्ट्रिय महाधिवेशन सोमबारदेखि सुरु भई तीनदिनसम्म चल्ने छ। भने बुधबार पदाधिकारीसहित केन्द्रीय सदस्य र राजनीतिक सदस्यका लागि निर्वाचन हुने उनले बताए।

अध्यक्षमा भने उपेन्द्र यादव नै सर्वसम्मतरुपमा रहने जनाइएको छ।

महाधिवेशनमा पारित भएको प्रतिवेदनमा राजनीतिक प्रतिवेदनमा नेपालको राजनीतिमा जरो गाडिएका सामन्तवादी, पूँजीवादी र साम्यवादी शक्तिहरूको विकल्पमा समाजवादी लोकतान्त्रिक धारको सबल र सक्षम क्रान्तिकारी समाजवादी शक्ति निर्माण गर्नुपर्नेमा जोड दिइएको छ।

देशलाई सही अर्थमा लोकतन्त्र, संघीयता, गणतन्त्र, सुशासन, समृद्धि, सामाजिक न्याय र समाजवादी लोकतन्त्रको युगमा प्रवेश गराउने हाम्रो संकल्प र प्रतिबद्धतालाई पूरा गर्न अझै धेरै यात्रा तय गर्न बाँकी छ सो प्रतिवेदनमा उल्लेख छ। अझ धेरै ध्रुवीकरण र एकीकरण प्रक्रियाबाट गुज्रिनु पर्ने हुन्छ', अध्यक्ष यादवले ३१ पृष्ठको प्रतिवेदनमा पार्टी एकता, संयुक्त मोर्चा र कार्यगत एकता संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशिता, सुशासन, पहिचान, धर्मनिरपेक्षता, सामाजिक न्यायका पक्षधर र समाजवादी शक्तिहरू, सिद्धान्त, विचार र नीति मिल्ने दलहरूसँग एकीकरण अथवा पार्टी एकता गर्नुपर्नेमा जोड दिएका छन्।

# सरकारको नीति तथा कार्यक्रम प्रदेश सभामा पेश

## विपक्षीहरुद्वारा आलोचना, पुरानै कार्यक्रमको निरन्तरता

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गरेकी छन्।

प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा मधेश प्रदेशको हरेक निर्वाचन क्षेत्र एक रोजगार प्रवर्द्धन केन्द्र, हरेक पालिकामा कृषि बिद्युतीकरण, पूर्ण साक्षर मधेश प्रदेश- साक्षरता अभियान, हरेक जिल्लामा पूर्ण सुसज्जित मेडिकल उपकरणसहितको मोबाइल एम्बुलेन्स, हरेक पालिकाको सांस्कृतिक झल्को देखिने माटो पार्क, हरेक पालिका एक एग्रोभेट, १ करोड़ वृक्षरोपण, मधेश स्वयंसेवक कोर, चुरे संरक्षण तथा पानी रिचार्ज, मधेश प्रीमियर लिग, मधेश इतिहास पार्क, मधेश लगानी सम्मेलन, मधेश वैदेशिक रोजगार प्रशिक्षण कार्यक्रम, मधेश बैदेशिक रोजगार उद्धार केन्द्र, स्किल टेस्ट सेण्टर, प्रादेशिक कृषि औजार केन्द्र, मधेश स्टार्ट अप र इनोवेशन सेण्टर, टीच फा'र मधेश, हरेक ४ बिगाहा १ बोरिंग कार्यक्रम, मधेश आईटी पार्क, प्रशासनिक सुधार र सुशासन, लागू पदार्थ विरुद्ध सचेतना कार्यक्रम, मुख्यमन्त्री सुशासन अनुसन्धान फेलोशिप कार्यक्रम, भिजीट मधेश पर्यटन कार्यक्रम, मधेश रोजगार सूचना केन्द्र, मुख्यमन्त्री प्राकृतिक बिपत बीमा कार्यक्रम र एक पालिका एक कृषि लाइब्रेरीलगायतका कार्यक्रम तथा अभियान चलाइने योजनाहरु नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

त्यस्तै पत्रकारिता क्षेत्रको विकासका लागि नेपाल पत्रकार महासंघको भवन निर्माण,



सामुदायिक रेडियोहरुको क्षमता अभिवृद्धि र ठोस कार्यक्रम ल्याएर पत्रकारहरूको क्षमता अभिवृद्धिको कार्यक्रम सञ्चालन गरिने र वैदेशिक लगानी भित्र्याउन मधेश लगानी सम्मेलन गर्नेसमेत उल्लेख छ।

मधेश प्रदेशमा भ्रष्टाचार नियन्त्रण गर्दै मितव्ययी शासन व्यवस्था सञ्चालनका साथै विकास खर्च बढाउने नीतिलाई उच्च प्राथमिकतामा राखिएको उल्लेख छ।

विवाहमा हुने गरेको अनावश्यक खर्च नियन्त्रणका लागि सामूहिक विवाह कार्यक्रमसमेत सञ्चालन गरिने नीति तथा कार्यक्रममा समेटिएको छ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता कृष्ण यादवले नीति तथा कार्यक्रम नियमित प्रक्रिया जस्तो रहेको बताएका छन्। उनले पुरानै कार्यक्रमहरुलाई निरन्तरता दिइएको बताए। नीति तथा कार्यक्रममा सरकारले नयाँ योजनाहरु खासै ल्याउन नसकेको टिप्पणी गरेका छन्। सरकारले अहिले नै यस्ता यस्ता सस्तो लोकप्रियताका कार्यक्रमहरु ल्याउन थालेका छन् आगामी दिनमा सरकारको भविष्य अन्धकारमा भएको उनले टिप्पणी गरे।

यता, जनता समाजवादी पार्टीका प्रवक्ता तथा प्रदेश सभा सदस्य मनिष सुमनले आफूहरु पार्टीको राष्ट्रिय महाधिवेशनमा व्यस्त रहेका कारण नीति तथा कार्यक्रममा भाग नलिएको बताए। उनले पार्टीको कार्यक्रम पहिला नै निर्धारण रहेको बेला सरकारले विश्वासको मत लिनु भन्दा पहिला तिथि मिति मिलाएर नै नीति तथा कार्यक्रम प्रस्तुत गरेको टिप्पणी गरे। उनले भने-'जसपा सदनमा भएको भए सरकारले पहिला विश्वासको मत लिनु भन्दा पहिला नीति तथा कार्यक्रम ल्याउन सक्ने थिएन्।'

त्यस्तै अर्का विपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता उपेन्द्र महतोले नीति तथा कार्यक्रम राम्रो रहेको प्रतिक्रिया दिए। उनले भने-'सरकार नयाँ छ, ल्याइएको नीति तथा कार्यक्रम ठिक्कै छ। विगतका सरकारले पनि ल्याएको नीति तथा कार्यक्रमहरु ठिकै थियो तर, कार्यान्वयन पक्ष कमजोर थियो। वर्तमान सरकारले विगतको भन्दा फरक र कार्यान्वयन पक्ष सुदृढ गरेर अगाडि बढ्नु पर्नेछ।'

## नीति तथा कार्यक्रमप्रति लोसपाको आपत्ति

**टुडे समाचारदाता**



जनकपुरधाम। मधेशको विपक्षी दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले नीति तथा कार्यक्रम ल्याउन अघि विश्वासको मत नलिएको प्रति आपत्ति जनाएको छ। लोसपा नेपालका मधेश प्रदेश अध्यक्षसमेत रहेका प्रदेशसभा सदस्य जितेन्द्र सोनलले सरकारले नीतिगत निर्णय गर्नुअघि विश्वासको मत लिनुपर्ने बताए।

अध्यक्ष सोनलले नीतिगतरुपमा महत्वकांक्षी दीर्घकालीन योजनासमेत नीति तथा कार्यक्रममा हुने भएकाले प्रदेशसभाबाट अनुमोदित सरकारले मात्रै नीति तथा कार्यक्रम र बजेट ल्याउन मिल्ने बताए।

उनले प्रतिनिधिसभामा नेपाली कांग्रेसको अवरोध र विरोधलाई समाधान गरी संघीय नीति तथा कार्यक्रम र बजेट आएको एवं नीति तथा कार्यक्रम ल्याउन अघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिएको स्मरण गर्दै अध्यक्ष सोनलले गण्डकी प्रदेश सभामा नीति तथा कार्यक्रम र बजेटकै लागि चुनौतीपूर्ण परस्थितिमा विश्वासको मत लिएको बताए।







जनकपुर टुडे


# दोषी पत्ता लगाई कारवाहीको माग

**टुडे समाचारदाता**

राजविराज । पहिचान खुल्न नसकेको मोटरसाइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको भन्दै आफन्तले दोषी पत्ता लगाई कारवाहीको माग गरेका छन् ।

सप्तरीको कंचनरुप नगरपालिका ८ की ५६ वर्षीया जयमाला गुप्ताको यसरी ज्यान गएको भन्दै आफन्तले घट्नाको सत्यतथ्य छानबिन र दोषी पत्ता लगाइ कारवाहीको माग गरेका छन् । मृतक महिलाका जेठो छोरा डा.तुलाकृष्ण गुप्ताका अनुसार जेठ ९ गते नगरको नन्दलाल चोक नजिकै कंचनपुर वेरियर क्षेत्रमा आयोजित अष्टयाम (धार्मिक अनुष्ठान) मा सहभागी भई ४ वर्षीय नाती रियान्स सँगै घर फर्कने क्रममा राति ८ बजे तिर नम्बर खुल्न नसकेको मोटरसाईकलले ठक्कर दिएको थियो । त्यस पछि घाइते भएकी आमालाई उपचारका लागि राति नै विराटनगर स्थित नोबेल अस्पतालमा भर्ना गरिएकोमा जेठ १५ गते उपचारको क्रममा मृत्यु भएको छोरा डा.गुप्ताको भनाइ छ ।

मस्तिष्कमा गहिरो चोट लागेका कारण आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएको उनले भने । उनले दुर्घटना बारे पत्ता लगाई दोषीलाई कारवाहीको माग गर्दै इलाका प्रहरी कार्यालय कंचनपुरमा निकै दौडधुप गरे पनि हाल सम्म प्रहरीले अपराधी पत्ता लगाउन नसकेको गुनासो समेत गरे ।

# पीडित संग रकम असुल्ने प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

गौर । रौतहट प्रहरीले अनुचित लेनदेनका पीडित संग रकम असुल्ने एक जनालाई नियन्त्रणमा लिएर कारवाही सुरु गरेको छ ।

जिल्ला प्रहरी कार्यालय गौर अगाडि विगत केही समय देखि सक्रिय रहेर अनुचित लेखदेनको पीडितलाई मिटरव्याजको निवेदन जिल्ला प्रशासन कार्यालयमा दर्ता गराइ दिन्छु तर ५० हजार दिनुपर्छ भनेर रकम लिइरहेको प्राप्त सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सोमवार साँझ ५ बजेको समयमा नियन्त्रणमा लिई कारवाही सुरु गरेको छ । रौतहटको देवाही गोनाही नगरपालिका वडा नम्वर ७ का हरी साहको ४५ वर्षीय छोरा भरोसी साहलाई रकम ठगी गरिरहेकै अवस्थामा हामीले नियन्त्रणमा लिन सफल भएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता एवं डिएसपी एलिजा गिरीले जानकारी दिइन् ।

साहले पीडित संग ५० हजार रकम माग गरेको र उक्त रकम सिडिओ साव र कर्मचारीलाई बाँडफाँट गर्नुपर्छ भनेर रकम लिन लागेको खवर विश्वस्त सुत्रबाट थाहा भएपछि नियन्त्रणमा लिई आवश्यक अनुसन्धान पश्चात अबैध रुपमा रकम असुल गरेर ठगी कसुर अन्तर्गत कारवाही सुरु गरिएको डिएसपी गिरीले प्रेस बिज्ञप्तीद्वारा जानकारी दिएकी छन् ।


# पुरुषको शव फेला

**टुडे समाचारदाता**

गौर । रौतहटमा एक जना पुरुषको शव फेला परेको छ । मौलापुर नगरपालिका- ५ मा मंगलबार अपरान्ह एक व्यक्तिको शव फेला परेको इलाका प्रहरी कार्यालय मौलापुरले जनाएको छ ।

अन्दाजी ४० वर्षका जस्तो व्यक्तिको मृत्यु हुन सक्ने अनुमान गरिएको छ । अत्यधिक गर्मीले रौतहटसहित मधेश प्रदेशको जनजीवन प्रभावित भएको छ । रौतहटमा दिउँसो तापक्रम ४० डिग्रीसम्म पुगेर सर्वसाधारणले अत्यधिक गर्मी बेहोरेका छन् ।

केही दिनअघि अत्यधिक



देखिने पुरुषको शव बजार सेडमा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाएको छ । शवको पहिचान खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

अत्यधिक गर्मीका कारण ती गर्मीका कारण रौतहटको बौद्धिमाई नगरपालिका- ८ सरमुजवाका ५५ वर्षीय राजमंगल राय यादवको मृत्यु भएको थियो । साइकल चलाएर मौलापुर हुँदै जयनगरतर्फ गइरहेका यादव बकैया नदीको पुलमा ढलेको अवस्थामा फेला परेका थिए ।

# अवैध उत्खननका लागि छानबिन समिति गठन



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको बटेश्वर गाउँपालिका-१ स्थित बडहडी खोलामा अवैध ढंगले भइरहेको बालुवा गिट्टी उत्खननको छानबिन गर्न जिल्ला प्रशासन कार्यालय धनुषाले समिति बनाएको छ ।

जिल्ला समन्वय समिति धनुषाका इञ्जिनियर संयोजक रहने गरी तीन सदस्यीय समिति गठन गरेको छ । सो समितिमा हुलाकी सडक निर्देशनालय र बटेश्वर गाउँपालिकाको एक-एकजना इञ्जिनियर रहने प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले जनाएका छन् । सो छानबिन समितिले खोला उत्खनन् भएको स्थान र उत्खनन् गरी ढुंगा बालुवा थुपारेको ठाउँको नापजाँच लगायतको कार्य गरी सातदिन भित्र प्रतिवेदन पेश गर्ने उनले बताए ।

गाउँपालिकाले बस्ती तथा पर्यावरणलाई जोखिममा पार्ने गरी गत फागुनमा बडहडी खोलामा ढुंगा बालुवा झिक्न ठेक्का लगाएको थियो । फागुन ६ गतेमा महोत्तरी बर्दिबासको पञ्चधुरा सप्लायर्सले १४ हजार ४४५ घटमिटर नदीजन्य पदार्थ उत्खननको लागि २७ लाख ९ हजार १०३ रुपैयाँमा ठेक्का लिएको थियो ।

ठेक्का सम्झौता अनुसार ठेकेदारले तोकिएको परिमाणको ढुंगा बालुवा आगामी जेठ १५ गतेसम्म झिक्न पाउने उल्लेख गरिएको छ ।

ठेकेदारले स्काभेटरलगायतका ठूला यन्त्र प्रयोग गरी २५ फिट गहिरोसम्मको ग्राभेल झिकेका कारण खोलामा ठूल्ठूला खाल्डा बनेका छन् । ठेकेदारले चैत पहिलो सातासम्म सम्झौतामा उल्लेख भएको भन्दा तीन गुणा बढी बालुवा तथा ढुंगा झिकेको छ ।

चैत ६ गते जिल्ला समन्वय समिति धनुषाका सभापति राजनारायण मण्डलसहितको टोली बालुवा ढुंगा उत्खनन भएको ठाउँमा पुगेको थियो ।

# निजी गुठीमा धनी श्रीरामचन्द्र मन्दिरसँगै छैन जगाको अभिलेख

काठमाण्डु । दाताले निजी गुठी राखेर सञ्चालन गर्नेमा नेपालकै धनी मन्दिरमध्येमा पर्छ श्रीरामचन्द्र मन्दिर । काठमाडौं महानगरपालिका-९ बत्तीसपुतलीस्थित श्रीरामचन्द्र मन्दिरको जग्गा कहाँकहाँ कति छ भन्ने अद्यावधिक अभिलेख निजी गुठी सञ्चालकसँग नै नरहेको पाइएको छ । निजी गुठी सञ्चालकको समिति त छ तर समितिसँग गुठीको नाममा कहाँकहाँ कति कति जग्गा छ भन्ने अभिलेख नै छैन ।

उक्त निजी गुठीका सञ्चालकले समितिको लाल ढड्डामा अभिलेख भएको बताए पनि लामो समयदेखि खोजी गर्दा पनि उपलब्ध भने हुन सकेको छैन । मन्दिरका नाममा काठमाडौंको बत्तीसपुतली, हाँडीगाउँ, साँखु र नाङ्लेभारेलगायत विभिन्न स्थानमा तीन सय ७३ रोपनी जग्गा भए पनि गुठीको आयस्ता भने नआएको श्रीरामचन्द्र मन्दिर निजी गुठी सञ्चालक समितिका सचिव केशवध्वज राणा बताउनुहुन्छ । मन्दिरका नाममा रहेको ३७३ रोपनी जग्गामध्ये वर्षमा करिब ७० रोपनी जग्गाको मात्र तिरो उठ्ने गरेको उहाँले सुनाउनुभयो । वार्षिक करिब ५० जना जति मोही मात्र जग्गाको कुत बुझाउन गुठीमा आउने गरेका छन् ।

नआउनेलाई तिरो तिराउन गुठीले कुनै पहल गरेको छैन । गुठी संस्थानले तोकेको दरअनुसार नै निजी गुठीले कुत लिने गरेको सचिव राणाले बताउनुभयो । धेरै मोही कुत तिर्न नआउँदा मन्दिरको व्यवस्थापनमा समस्या हुने गरेको छ । मन्दिरको नाममा रहेको जग्गा उपभोग गर्ने सबैले तिरो तिरे अहिले भन्दा राम्रोसँग मन्दिर सञ्चालन गर्न सकिने भए पनि यसमा सरोकार निकायको ध्यान जान सकेको छैन ।

महानगरपालिका-९ का अध्यक्ष रामजी भण्डारी मन्दिरको पूर्वाधार निर्माणमा स्थानीय सरकारले पनि सहयोग गरेको बताउनुहुन्छ । मन्दिर क्षेत्रमा शौचालयको समस्या देखेपछि वडाले शौचालय निर्माण गरिदिएको उहाँको भनाइ छ । मन्दिरका नाममा रहेको तिरो नउठेको सन्दर्भमा स्थानीय सरकारलाई कुनै जानकारी नआएको सुनाउनुहुँदै अध्यक्ष भण्डारीले त्यस्तो जानकारी आएमा सक्ने सहयोग गरिने प्रतिबद्धता जनाउनुभयो ।

निजी गुठीले श्रीरामचन्द्र मन्दिर जीर्णोद्धार एवं सम्बर्द्धन समितिलाई केही वर्षदेखि रामनवमीको अवसर पारेर वार्षिक रु एक लाख ५० हजार मात्र दिने गरेको छ । मन्दिरमा नित्य एवं नैमित्तिक पूजा आजा, मर्मतसम्भार, सरसफाइलगायत काम समितिले नै गर्दै आएको छ ।

विसं १९२८ मा मन्दिर स्थापना गर्नु हुने कम्याण्डिङ कर्णेल सनकसिंह टण्डन लाहुरी क्षत्रीले राख्नुभएको दानपत्रको व्यहोरामा नित्य, नैमित्तिक पूजा गरी बिग्रे, भत्केको मर्मत गर्न जग्गा राखिएको उल्लेख छ । दानपत्रमा टण्डन परिवारको एकोद्दिष्ट र पार्वण श्राद्ध गर्न पनि जग्गाको आयस्ता उपयोग गरिने उल्लेख छ । यसको संरक्षणका लागि टण्डनले आफ्नो शेषपछि छोरीपट्टिका नाति महेन्द्रध्वज राणालाई अख्तियारी दिएको दानपत्रमा उल्लेख छ । हाल महेन्द्रध्वजका सन्तति नै यो निजी गुठीको सदस्यका रुपमा रहेका छन् । तिनैमध्येबाट गुठी सञ्चालक समितिको गठन हुने गरेको छ ।

**जीर्णोद्धारमा गुठी सञ्चालकको बेवास्ता**

आयस्ता नउठ्दा २०४८ सालअघि मन्दिर जीर्ण बनेको थियो । स्थानीयवासीको सक्रियतामा श्रीरामचन्द्र मन्दिर जीर्णोद्धार एवं सम्बर्द्धन समिति गठन गरी अहिलेको स्वरुप दिइएको सदस्यसचिव डा गोविन्द टण्डनले जानकारी दिनुभयो । अहिले यो मन्दिर नेपालकै स्वच्छ, सफा र आकर्षक मन्दिरका रुपमा स्थापित भएको छ । स्थानीयवासीका तर्फबाट छानिएका समितिका पदाधिकारी एवं सदस्यले मन्दिर क्षेत्रमा सञ्चालन गरिने विभिन्न कर्मको शुल्क तोकेर उठाएको पैसाले नै हाल मन्दिरको काम हुने गरेको छ ।

विसं २०४८ मा जीर्ण मन्दिरलाई उद्धार गर्न गुठीको आयस्ता उपयोग हुन सकेन । व्यक्ति-व्यक्तिबाट चन्दादान सङ्कलन गरी मन्दिर जीर्णोद्धार गरिएको उहाँले सुनाउनुभयो । दाताबाट लिएर गरिएको खर्चको प्रत्येक वर्षको हिसाबकिताब राखिएको समितिले जनाएको छ । समितिले जीर्णोद्धार गरेर मन्दिरलाई आकर्षक रुपमा स्थापित गरेपछि यहाँ भक्तजनको आकर्षण बढेको थियो । विवाह, व्रतबन्ध, लाखबत्तीलगायत धार्मिक कर्म गर्न आउनेबाट समितिले शुल्क लिएर मन्दिर व्यवस्थापन र पूजाआजामा खर्च गर्दै आएको छ । मन्दिरमा भक्तजनको आकर्षण बढेकै बेला २०७२ वैशाख १२ गतेको भूकम्पले क्षति गर्‍यो । भूकम्पले भएको क्षतिपछिको पुनःनिर्माणमा मन्दिरका नाममा रहेको जग्गाको आयस्ता उपयोग हुन सकेन ।

**पुनःनिर्माणमा उपयोग हुन सकेन मन्दिरको आयस्ता**

समितिकै पहलमा दाताबाट सहयोग सङ्कलन गरी राजधानीका सांस्कृतिक सम्पदामध्ये बत्तीसपुतलीको श्रीरामचन्द्र मन्दिर पहिलोपटक पुनःनिर्माण भएको थियो । यसबाट जनताको सहयोगबाटै सांस्कृतिक सम्पदा पुनःनिर्माण हुनसक्छ भन्ने सन्देशसमेत प्रवाह भएको थियो । भूकम्पपछिको पुनःनिर्माणको हिसाबकिताबसमेत समितिले सुरक्षितसाथ राखेको छ ।

दाताले जुन प्रयोजनका लागि निजी गुठी स्थापना गरेर मन्दिरका नाममा जग्गा राखेका थिए । त्यसमा खर्च हुन सकेको छैन । उदारमना दाताको सहयोगबाट नै मन्दिरको जीर्णोद्धार, पुनःनिर्माण एवं नित्य, नैमित्तिक कर्मसमेत सम्पादन हुन थालेको छ । यसबाट गुठीको अवधारणा नै गलत हो कि भन्ने सन्देश प्रवाह हुन थालेको छ ।

गुठीका नाममा रहेको केही जग्गा सर्वोच्च अदालतको आदेशमा सट्टापट्टा भएको निजी गुठीका सचिव राणाले सुनाउनुभयो । सर्वोच्च अदालतले जिल्लाभर गुठीको जग्गा सट्टापट्टा गर्न सकिने गरी आदेश दिएपछि बत्तीसपुतली र हाँडीगाउँका जग्गा रैकर गरी साँखु र नाङ्लेभारेका जग्गा श्रीरामचन्द्र मन्दिर निजी गुठीका नाममा राखिएको उहाँले जानकारी दिनुभयो ।रासस

# धनुषाका कटहर सीमावर्ती भारतीय बजारमा लोकप्रिय

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा उत्पादित कटहर भारतीय बजारमा लोकप्रिय हुँदैगएको छ । विगतमा यातायातको सुविधा नभएका कारण नेपाली बजारमा मात्र बिक्री हुने कटहर अहिले भारतीय बजारमा बिक्रीवितरण भइरहेको छ, जसबाट ग्रामीण क्षेत्रका युवाले आर्थिक लाभ लिन थालेका छन् । नेपाली कटहर स्वादिलो तथा पुष्टकर रहेकाले भारतीय बजारमा यसको माग बढ्दै गएको स्थानीयले बताएका छन् ।

सीमावर्ती बजार हरिनेका कटहर व्यवसायी श्यामशङ्कर कामतले नेपाली कटहरको भारतीय बजारमा माग बढिरहेको बताए। वैशाखदेखि भदौ महिनासम्म कटहरको राम्रो व्यवसाय हुने गरेकोले यस व्यवसायमा आफूजस्तै विभिन्न स्थानका करिब पाँचसय युवा संलग्न रहेको उनले बताए ।

धनुषा जिल्लामा चार सय २८ हेक्टर जमिनमा कटहर खेती हुने गरेको तथा यसपटक चार हजार चार सय ६७ मेट्रिकटन कटहर फलेको कृषि ज्ञान केन्द्र धनुषाका बागबानी विकास अधिकृत प्रदीप यादवले जानकारी दिए ।

यसको तरकारी, आचार तथा पाकेपछि फलका रुपमा



(कोवा) समेत खाने गरिएको उनले बताए ।

धनुषामा प्रति हेक्टर २० देखि २५ मेट्रिकटनसम्म कटहर उत्पादन हुने गरेको धनुषा जिल्लामा यसवर्ष राम्रो उत्पादन भएको ज्ञान केन्द्रले जनाएको छ । खासगरी धनुषाको उतरीक्षेत्र ढल्केबजार, महेन्द्रनगर, पोर्ताहा, धारापानी, लालगढ र वयलवास लगायतका ग्रामीण क्षेत्रमा कटहरको उत्पादन अर्थात खेती हुने गरेकोले त्यहीबाट कटहर किनेर भारतीय बजारमा बिक्री गरेको व्यापारी विकास यादवले बताए ।

बेरोजगार भई बसेका युवाले कटहर बेचेर राम्रो आम्दानी गर्न थालेपछि यस व्यवसाय तर्फ अन्य युवा पनि आकर्षित भई आर्थिक लाभ लिँदै आइरहेका छन् । अहिले यहाँका युवा साइकलमा कटहर राखेर सीमावर्ती भारतीय बजार जयनगर, उमगावँ, बासोपटी, हरिने, हरलाखी, मधुवनी, मधवापुर र भिठ्ठामोड जस्ता बजारसम्म लगेर बिक्रीवितरण गरी अत्यधिक मुनाफा गरिरहेका छन् ।

धनुषाका गाउँगाउँबाट कटहर किनेर बिक्री गर्न जाँदा भारती सुरक्षाकर्मीले भने अवरोध गरिरहेको कटहर कारोबारीहरुको गुनासो छ ।

कटहरको व्यावसायिक रुपमा बिक्रीवितरण बढ्दै गएकाले कटहर खेतीका लागि प्रदेश तथा स्थानीय सरकारले पकेट क्षेत्र घोषणा गरी विशेष कार्यक्रम ल्याउनुपर्ने किसानको माग छ ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथुन | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



आँपको राजधानीका रुपमा रहेको सिरहाको लहान नगरपालिका-१ स्थित स्थानीय किसानले बिक्रीका लागि राखेका आँप । फलफूलको राजा मानिने आँप यस क्षेत्रबाट काठमाडौँ, पोखरा, वीरगन्ज, विराटनगरलगायतका शहर तथा भारतीय बजारमा समेत जाने गरेको छ । *तस्बिर : रासस*

# बजेटमा शिक्षा क्षेत्र प्राथमिकता नपरेको शिक्षक सङ्गठनको गुनासो

काठमाण्डु । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनले नेपाल सरकारको आगामी आर्थिक वर्षको बजेटमा शिक्षा क्षेत्र प्राथमिकतामा नपरेको गुनासो गरेको छ ।

सङ्गठनले मंगलबार ललितपुरमा पत्रकार सम्मेलन गरेर शिक्षा क्षेत्रमा कुल बजेटको २० प्रतिशत विनियोजनको माग उठ्दै आए पनि १० दशमलव ९४ प्रतिशतमात्र विनियोजन भएकामा गुनासो गरेको हो । सङ्गठनका अध्यक्ष विष्णुप्रसाद भण्डारी र महासचिव हंशबहादुर शाहीले जारी गरेको प्रेस विज्ञप्तिमा शिक्षक, प्रारम्भिक बालविकास शिक्षक र कर्मचारीको सेवा सुविधावृद्धि नभएको, दिवा खाजाको रकम वृद्धि नभएको र शिक्षक दरबन्दी व्यवस्थापनको विषय समावेश नभएको जनाइएको छ ।




सङ्गठनले राजनीतिक दलमा शिक्षकहरुको संलग्नताका विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकहरूको राजनीतिक अधिकारसहितको ट्रेड युनियन अधिकारलाई नियन्त्रण गर्ने गरी परिपत्र गरेकामा ध्यानाकर्षण गराएको छ ।

सङ्गठनले यही जेठ १३ गते जारी भएको शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ वैज्ञानिक नभएकाले पहिला विद्यालय शिक्षा ऐन जारी गरेर नियम बनाउन माग गरेको छ । साथै सङ्गठनले नेपाल शिक्षक महासङ्घको हालै सम्पन्न महाधिवेशनप्रति असहमति जनाउँदै लोकतान्त्रिक पद्धतिअनुरूप नेतृत्व चयन गर्न माग गरेको छ ।रासस

# चिनियाँ भाषा प्रशिक्षण प्रारम्भ, मेहनत गर्न प्रशिक्षार्थीलाई मन्त्री तामाङको सुझाव

काठमाण्डु । देशका पर्यटन व्यवसायीका लागि सञ्चालित छैटौँ चरणको चिनियाँ भाषा प्रशिक्षण मंगलबारदेखि यहाँ सुरु भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङ र नेपालका लागि चिनियाँ राजदूत छन् सङले संयुक्त रूपमा प्रशिक्षणको उद्घाटन गर्नुभयो । नेपाल पर्यटन बोर्ड र नेपाल चीन सांस्कृतिक तथा शैक्षिक परिषद्सँगको सहकार्यमा काठमाडौंस्थित चिनियाँ राजदूतावासले सञ्चालन गरेको यो प्रशिक्षण आगामी छ महिनासम्म जारी रहने छ ।



त्यस अवसरमा मन्त्री तामाङले भाषाले सम्बन्ध विस्तार गर्न मद्दत पुग्ने र समृद्ध राष्ट्र चीन नेपालको पर्यटनको ठूलो स्रोत भएको बताउँदै चिनियाँ भाषा अप्ठेरो भए पनि नेपालको पर्यटन क्षेत्रको जनशक्तिको लागि अपरिहार्य हुँदै गएको उल्लेख गर्नुभयो । उहाँले चिनियाँ र भारतीय पर्यटकको आर्कषण हाम्रो मुलुक भएकाले धेरैभन्दा धेरै पर्यटक छिमेकी देशहरूबाट भित्र्याउन हामीले उनीहरूलाई आकर्षक ‘प्याकेज’ उपलव्ध गराउन जरुरी छ भन्नुभयो । भाषाका दृष्टिले भारतीयसँग व्यवहार गर्न नेपालीलाई सहज भए पनि चिनियाँ भाषा अलि कठिन भएकाले मेहनत गर्न प्रशिक्षार्थीलाई सुझाव दिनुभयो ।

राजदूत छन्ले नेपालीहरुले चिनियाँ भाषा तुलनात्मकरूपमा चाडै सिक्ने र प्रष्ट रुपमा बोल्ने गरेको अनुभव सुनाउनुभयो । चिनियाँ भाषा पुरानो इतिहास मात्र नभएर वैज्ञानिक विकासको आधार भएको उहाँले बताउनुभयो । धेरै व्यापारी र लगानीकर्ता नेपाल आउने तयारीमा रहेका जानकारी दिँदै उहाँले चिनियाँ भाषा जानेका जनशक्ति उनीहरुको पहिलो आवश्यकता हुन् भन्नुभयो ।

साथै उहाँले दुई देशको आत्मीयता विस्तार गर्न पनि भाषा सिक्न आवश्यक भएको बताउनुभयो । चिनियाँ नागरिकलाई पनि नेपाली भाषा सिकेर नेपालको कला संस्कृतिसँग जोडिन चिनियाँ राजदूतले आग्रह गर्नुभयो । बोर्डका निमित्त प्रमुख कार्यकारी अधिकृत हिकमत सिंहऐरले पर्यटन आतिथ्यतामा भाषा शक्तिशाली अस्त्र रहेको उल्लेख गर्दै विश्वको दोस्रो ठूलो भाषाको तालीमले नेपालमा चिनियाँ पर्यटन प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले राजदूतमार्फत चिनियाँ सरकारलाई अझ धेरै नाका खुला गर्न अनुरोध पनि गर्नुभयो ।

परिषद्का अध्यक्ष डा. हरिशचन्द्र शाहले यसअघि तालिम पाइसकेका दुई सयजना प्रशिक्षार्थी देशका विभिन्न पर्यटन व्यवसायमा सक्रिय रहेका जानकारी दिँदै राजधानी बाहिर पनि चिनियाँ भाषा कक्षा सञ्चालनको माग रहेको बताउनुभयो ।रासस

## भन्सार छलि गरी लैजान लागेको पहेँलो धातुसहित दुई जना पक्राउ

काठमाण्डु । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छलेर ल्याइएको अन्दाजी २५ ग्राम सुनजस्तो देखिने पहेँलो धातुसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाँचथर फालेजुङ गाउँपालिका-३ घर भएका ३२ वर्षीय दिलु सुब्बा र सिन्धुली कमलामाई नगरपालिका-५ घर भई हाल काठमाडौं महानगरपालिका-३२ बस्ने ३९ वर्षीय भविमान ठोकर रहेको नेपाल प्रहरीद्वारा सार्वजनिक समाचार बुलेटिनमा उल्लेख छ ।

हिमालयन एयरलाईन्सको उडानद्वारा दुबईबाट काठमाडौं आएका सुब्बालाई भन्सार छली गर्न लगाई ठोकरले सिक्री एक थान, आईफोन १३ प्रो म्याक्स एक थान, रेडमि मोबाइल तीन थान, डेल ल्यापटप दुई थान र एक थान एयरपोड प्रो चारसहितको सामग्री सडकलन गरी लैजान लागेको अवस्थामा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलबाट हिजो पक्राउ गरिएको हो ।

पक्राउ परेका दुवै जनालाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचरमा बुझाइएको प्रहरीले जनाएको छ ।रासस

# पन्ध्र करोड ठगी गर्ने तीन जना पक्राउ

काठमाण्डु । कम्बोडिया, न्यूजिल्याण्ड, फ्रान्सलगायतका देश पठाइदिन्छु भनी तीन सयभन्दा बढी व्यक्तिबाट रु १५ करोड ठगी गरेको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

प्रहरीले पक्राउ गरेकाहरूमा चितवनको भरतपुर महानगरपालिका-१८ घर भई हाल काठमाडौं टोखा नगरपालिका बस्ने २८ वर्षीय राजकुमार भट्ट, कास्कीको माछापुच्छे गाउँपालिका-८ घर भई हाल पोखरा महानगरपालिका-९ पृथ्वीचोक बस्ने २२ वर्षीय नविन विक र कास्कीकै पोखरा महानगरपालिका-८ घर भई हाल चितवनको भरतपुर महानगरपालिका-८ बस्ने २३ वर्षीय पवन पन्त रहेका छन् ।

फेसबुक, म्यासेन्जर, ह्वाट्सएपलगायतका सामाजिक सञ्जालमा फेक आइडी प्रयोग गरी वैदेशिक रोजगारीमा पठाइदिने भनी आकर्षक तलब, भत्तासहितको विज्ञापन गरी सम्पर्कमा आएकाहरूलाई ठगी गर्ने गरेका थिए । उक्त ठगीको सम्बन्धमा उजुरी परेपछि काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

कार्यालयका कर्मचारीहरुको खातामा विदेश जान सम्पर्कमा आएका मानिसबाट रकम जम्मा गर्न लगाइ उक्त रकम चेकबाट निकालेर विभिन्न खातामा जम्मा गर्न लगाएको प्रारम्भिक अनुसन्धानमा देखिएको प्रहरीले जनाएको छ । उनीहरूले भिसा प्रकृया चलिरहेकाले भिसा, वर्क पर्मिट, होटल बुकिङ, पुलिस रिपोर्टलगायतका नक्कली कागजात देखाइ टिकट र डलर साट्न पैसा लाग्ने भन्दै प्रति व्यक्ति रु पाँच लाखदेखि १० लाखका दरले पैसा लिएका थिए । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ । रासस

# ‘नेपालबाट रु ३० खर्बको सूचना प्रविधि निर्यात सम्भव’

काठमाण्डु । नेपाललाई सूचना प्रविधिको हबका रूपमा विकास गर्न आगामी आर्थिक वर्षको बजेटमा सूचना प्रविधि दशक घोषणासहित रु ३० खर्बको निर्यात र १५ लाखलाई रोजगारी दिने कुरा महत्वाकांक्षी भए पनि सफल पार्न सकिनेमा सरोकारवालाहरु हरु निश्चिन्त देखिएका छन् ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले मंगलबार आयोजना गरेको ‘सूचना प्रविधि दशक र आगामी कार्यदिशा’ विषयक कार्यक्रममा सरोकारवाला विज्ञहरुले नीतिगत सुधार र कानुनी अल्झन हटाइ स्थिर नीति बनाउन सकेको खण्डमा रु ३० खर्बको सूचना प्रविधि सेवा निर्यात गर्न सम्भव हुने बताउनुभयो ।

अर्थमन्त्री वर्षामान पुनले आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत दश वर्षमा रु ३० खर्बको सूचना प्रविधिसम्बन्धी सेवा निर्यात र पाँच लाख प्रत्यक्ष तथा दश लाख अप्रत्यक्ष रोजगारी सिर्जना गर्ने लक्ष्य प्राप्त गर्न सरकारले नीतिगत निर्णय गरी उद्योगलाई संरक्षण र प्रवर्द्धन गरेर निजी क्षेत्रलाई प्रोत्साहन गर्न खोजेको बताउनुभयो । अर्थमन्त्री पुनले सूचना प्रविधिलाई प्राथमिकतामा राखी कानुनी आधार तयार गरी सूचना प्रविधि क्षेत्रमा नीतिगत स्थायित्वका लागि उच्चस्तरीय आयोग गठन गर्ने जानकारी दिनुभयो ।

उहाँले ‘डिजिटल नेपाल फ्रेमवर्क’ परिमार्जन गरी सोको कार्यान्वयन र अनुगमन गर्न संस्थागत व्यवस्था गर्ने, काठमाडौँ उपत्यका र बुटवलमा उच्च गतिको इन्टरनेट, विद्युत्, सुरक्षालगायत पूर्वाधारसहित सूचना प्रविधिपार्क सञ्चालन अगाडि बढाइने जानकारी दिँदै कम्तीमा प्रत्येक प्रदेश समेटिने गरी १० ओटा सूचना प्रविधि पार्क बनाउने योजना सरकारको रहेको बताउनुभयो ।अरु वस्तु तथा सेवा निर्यात गर्दा बल्लबल्ल डेढ खर्बको निर्यातमा पुगेको अवस्थामा आइटी क्षेत्रमा थोरै सहजीकरण गर्न सके वार्षिक रु तीन खर्बको निर्यात गर्न सकिने अनुभव यस क्षेत्रका विज्ञहरुको रहेको पनि उहाँको भनाइ छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले आइटी दशकको लक्ष्यमा पुग्न मन्त्रालयको नेतृत्वमा कार्यदल गठन गरिने स्पष्ट पार्दै हरेक वर्ष गर्नुपर्ने क्रियाकलापको स्पष्ट खाका कोरिने बताउनुभयो ।आगामी आवको बजेटले सूचना प्रविधि क्षेत्रमा लिएका नीति कार्यान्वयनका लागि नेपाल टेलिकम र नेपाल दूरसञ्चार प्राधिकरणले




सोही अनुरुप बजेट बनाइरहेको बताउँदै शर्माले स्वदेशमा बनेका सफ्टवेयरलाई स्वदेशमै खपत गराउन सरकार लागि परेको पनि जानकारी दिनुभयो ।

काठमाडौँ र बुटवलमा बन्ने सूचना प्रविधि पार्कमा निःशुल्क स्थान उपलब्ध गराउने र सार्वजनिक-निजी साझेदारीमा विभिन्न कार्यक्रम गरिने पनि सञ्चारमन्त्री शर्माले बताउनुभयो । डिजिटल अर्थतन्त्र, नवप्रवर्तन र इनोभेसनको प्रवर्द्धन, रोजगारीको सिर्जना, डिजिटल सुशासनका लागि सरकारले आवश्यक नीति र कानुनको परिमार्जन गर्दै अघि बढ्ने दृढता पनि उहाँले प्रकट गर्नुभयो । आगामी आर्थिक वर्षलाई सूचना-प्रविधि दशकको प्रस्थान वर्षका रूपमा अगाडि बढाउने र सूचना प्रविधिलाई अर्थतन्त्रको खम्बाका रुपमा स्थापित गर्ने धारणा राख्नुभयो ।

सूचना प्रविधिमार्फत् अर्थतन्त्रको विकास र रोजगारी सिर्जनाका निम्ति सरकारले अगाडि बढाएका कार्यक्रम प्रभावकारी तुल्याउन र प्रविधिको प्रयोगमार्फत् आर्थिक सामाजिक रूपान्तरण गर्न सकिने मन्त्री शर्माले स्पष्ट पार्नुभयो । उहाँले विसं २०७६ सालमा शुरु भएको डिजिटल नेपाल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन हुन नसकेको बताउनुभयो । सूचना प्रविधि क्षेत्रमा एक लाख जनशक्ति काम गरिरहेको र सरकारसँग स्पष्ट तथ्याङ्क नभएकाले गाह्रो भइरहेको समेत उहाँले बताउनुभयो ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सर्वाङ्गीण विकास अध्ययन केन्द्र (आईआईडिएस) परामर्शदाता एवम् सूचना प्रविधि क्षेत्रमा सीप तथा रोजगार विज्ञ डा अमृता शर्माले सूचना प्रविधि क्षेत्रको विकासका लागि राजनैतिक प्रतिवद्धतासहित नीतिगत स्थिरता आवश्यक रहेको बताउनुभयो । यस वर्ष प्रविधि दशकको प्रस्थान वर्षका रुपमा रहेको र डिजिटल नेपाल फ्रेमवर्क सही मार्गमा आउनुपर्ने उहाँको भनाइ छ ।

“सूचना प्रविधि दशकका लागि निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण आवश्यक छ र सरकार व्यवसाय प्रवर्द्धक र सम्वर्द्धकका रुपमा बस्नुपर्दछ”, शर्माले भन्नुभयो । परराष्ट्र मन्त्रालयमार्फत् ‘टेक डिप्लोमेसी’ को अवधारणा अघि बढ्नुपर्ने आवश्यकता रहेको बताउनुहुँदै उहाँले नेपालको प्रविधि उद्योगलाई विश्वभरी पुऱ्याउन दुतावासहरुले भूमिका खेल्नुपर्ने धारणा राख्नुभयो । नेपालमा अहिले प्रतिवर्ष १० हजार जना आइटी जनशक्ति उत्पादन भइरहेको र रु एक खर्बको सेवा निर्यात भइरहेको जानकारीसमेत उहाँले दिनुभयो ।

अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले सूचना प्रविधि दशकको घोषणा महत्वाकांक्षी लक्ष्य नभई आइटीमा भइरहेको प्रगतिले गर्दा योजना भएको बताउनुभयो । सूचना प्रविधि क्षेत्रका विज्ञ र उद्यमीसँग छलफल गरेर ल्याएको योजना भएकाले यो लक्ष्य प्राप्त गर्न सहज हुने उहाँले स्पष्ट पार्नुभयो ।लोटस होल्डिङसका प्रमुख कार्यकारी अधिकृत अजित विक्रम शाहले यो लक्ष्य हासिल गर्न १० वर्ष पनि नलाग्ने आफ्नो आकलन रहेको बताउनुभयो । यो क्षेत्रमा सहजता भएमा लगानी गर्न निजी क्षेत्र तयार रहेको उहाँले स्पष्ट पार्नुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका लगानी तथा अन्तर ाष्ट्रिय मञ्चका अध्यक्ष मनोज पौडेलले अहिले सूचना प्रविधि क्षेत्रको आकार १६ दशमलव ८९ प्रतिशत वृद्धि भइरहेको उल्लेख गर्नुहुँदै सरकारले लिएको लक्ष्य हासिल गर्न ३६ प्रतिशतका दरले वृद्धि आवश्यक रहेकोमा जोड दिनुभयो । किम्बु टेकका प्रमुख कार्यकारी अधिकृत कर्भिका थापाले सूचना प्रविधि दशकलाई सफल पार्न गाउगाउँमा जनचेतना जागृत गर्नुपर्ने र प्रत्येक विद्यालयमा कम्प्युटर राख्ने मात्र नभइ चलाउन प्रोत्साहन दिनु आवश्यक रहेको बताउनुभयो ।रासस

**न्यायालय सूचना**

न्यायालय में,

**सब जज–प्रथम,**
**सीतामढी कोर्ट डुमरा, बिहार (इंडिया)**
**हकियत मोपदमा सं.-438/2023**

विनोद झा-----------------------------------------वादी
**बनाम**
मुन्नी देवी वो0---------------------------------प्रतिवादीगण

**सूचना**

बजरिये इस सूचना प्रकाशन के आप प्रतिवादी सं.-06 अज्ञानी देवी, पति-सुकेश्वर झा, पुत्री-स्व. कपिलदेव झा, निवासी ग्राम-रामपुर वार्ड नं.-15, पोस्ट-जनपकुर, थाना- जनकपुर, जिल्ला धनुषा (नेपाल) को सूचित किया जाता है कि आपको न्यायालय नजारत से एवं निबंधित डाक से सूचना भेजा गया है बावजूद इस न्यायालय में इस मुकदमा में उपस्थित नहीं हो रहे है और अपना पक्ष नहीं रख रहे है इसलिए आपकों आग्राह किया जाता है कि दिनांक- 19/06/24 को 7:30 बजे इस न्यायालय में स्वंय अथवा अपने अधिवक्ता के माध्यम से उपस्थित होकर इस मुकदमा में अपना पक्ष रखे अन्यथा आपके विरुद्ध एक पक्षीय सुनवाई कर मुकदमा का फैसला किया जायेगा ।

इसे ताकिद जानें ।

मेरे न्यायालय के हस्ताक्षर
वो मुहर से निर्गत

न्यायालय में,
सब जज-01
सीतामढी कोर्ट, डुमर,
बिहार (इंडिया) ।


आउनुहोस ! पुण्यको भागी बन्नुहोस !!
**शिव गंगा टुर्स एण्ड ट्राभल्सद्वारा संचालित**
यही मिति २०८१/०२/१९ गते शनिवारका दिन
२×२ लक्जरी भिडियोकोच बस खुल्ने गइरहेको छ ।

**विशेष यात्रा**

थालेवाली माई, नैमिसारण, बनारस, काशी विश्वनाथ ज्योतीलिंग, विन्धयाचल माई, अष्ठभुजी दुर्गा माता, प्रयागराज संगम स्नान, चित्रकोट चारधाम, राम घाट, सतिअन्सुइया, गुप्त गोदावरी, मन्दाकनी, कामतगरी, तुल्सीदास घाट, गुप्तेश्वर गंगा, बागेश्वर बालाजी धाम, विन्दावन, गोकुल, मथुरा, गोबरधन, वरसाना, नन्दगाउँ, श्री शनि देव मन्दिर अयोध्याधाम, गोरखपुर, गोरखनाथ दर्शन पुजा गर्दै जनकपुरधाम सम्मको ९ दिनको यात्राको लागि प्रति व्यक्ति रु. ७,५००।- भारु (दुई छाक भोजन समेत) भाडा लाग्ने जानकारी गराईन्छ ।



**सम्पर्क**
**प्रो. पोषण प्रसाद साह**
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ८२७१०८६९९३ (भारत)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### जनतासंगको सम्वन्ध सुदृढ गर

जनता समाजवादी पार्टी (जसपा) नेपाल राष्ट्रिय एकताको अधिवेशन जनकपुरधाममा गर्दैछन् । विभिन्न आरोह अवरोहहरु पार गर्दै अहिलेको जसपा नेपालको विगत हेर्ने हो भने एकता तथा टुटफूट, तालमेलमै अधिकांश बर्ष वितेको छ। तत्कालीन मधेशी जनअधिकार फोरम नेपालबाट राजनीतिक यात्रा तय गर्दै अहिले बनेको जसपा नेपाल अधिवेशनकै मुखमा आएर फुटेको छ। तर, आम नेता कार्यकर्तामा देखिएको उत्साहले भने पार्टी विभाजनको असर महाधिवेशनमा हेर्न पाइएन् । जसपा नेपालले मधेशी, आदिवासी, जनजाति, मुस्लिम लगायत तमाम पिछडिएका वर्गहरुकालागि आन्दोलन गरे । जनताले विश्वास पनि गरे। नेता कार्यकर्ता उत्साहित भएर महाधिवेशनमा लागेका छन् तर, कतै न कतै पार्टी प्रति जनतामा वितृष्णा छ। जनताले अपेक्षा गरेकोमा पार्टी खरो उत्र्न नसकेका कारण नै विगतमा सम्पन्न निर्वाचनहरुमा मतभार घटेको छ। नेता कार्यकर्ता अहिले अधिवेशन सम्पन्न गराउन जुन उत्साह देखाइ रहेका छन् त्यो उत्साह सधै रहनु पर्ने हो तर, त्यो हुन नसकेपछि जनतामा भने निराशा छाएको छ। विगत ६ बर्ष देखि प्रदेश सरकारको नेतृत्व गरेको जसपाले आम जनतासंग हुनु पर्ने सुमधुर सम्वन्धलाई कायम राख्न सकेन् । प्रदेश सरकारको मुख्यमन्त्री देखि अन्य मन्त्रालयसमेतको जिम्मेवारी थियो। उनीहरु पार्टी र आम जनता बीचको सम्वन्ध थप प्रगाढ बनाउन सक्थ्यो तर, पद लोलुप्ता, सत्ताभोगी विचार पलाए पछि जनता संगको सुमधुरता पनि विस्तारै विस्तारै सकिन लागेको छ । अहिले पनि जनताको विश्वास जसपामाथि छन् । जनता जसपाको विकल्प खोज्न अहिले पनि चाहेको छैन् । नेता कार्यकर्ताहरु आफ्नो स्वार्थ त्यागेर जनताको कार्यमा अहिले देखिनै लाग्नु पर्छ। मधेश प्रदेश जसपा नेपालको गढ मानिन्छ । तर, यहाँ सवै भन्दा बढी सीट नेकपा एमालेले ल्याएका छन् भने कांग्रेस दोस्रो स्थानमा छन् । मधेश प्रदेशमा जसपा नेपाल सवै भन्दा बढी सीट ल्याउनु पर्ने थियो। कारण खोतल्नु पार्टी पंक्तिका शीर्ष नेताहरुको काम छ। आफू भन्दा बढी सीट अन्य पार्टीले ल्यायो सोचेर समय व्यतीत गर्नु भन्दा उपयुक्त पार्टी र जनता बीच सम्वन्ध बलियो बनाउनुपर्ने तिर लाग्नु पर्नेछ। राष्ट्रिय एकताको महाधिवेशन छ नयाँ नेतृत्व चयन हुनेछ अथवा काम गर्नेलाई जिम्मेवारी दिइने। उनीहरु सवै भन्दा पहिला पार्टीलाई जनतामाझ कसरी लिएर जान सकिन्छ र जनताको मन कसरी जित्न सकिन्छ त्यस अभियानमा लाग्नु नै राष्ट्रिय एकताको महाधिवेशनको सार्थकता हुनेछ।

# सेतो हात्ती बन्दै पोखरा अन्तर्राष्ट्रिय विमान स्थल



श्रीमन नारायण

झण्डै २४ खर्ब ऋण बोकेको नेपालले चर्को ब्याज दरको ऋण लिनबाट बच्नु पर्छ। जथाभावी ऋण लिने प्रवृत्तिले देशलाई अन्ततः कङ्गाल नै बनाउनेछ। दक्षिण एशियाली देश श्रीलंका यसका उदाहरण हुन् । दक्षिण एशियाकै देश पाकिस्तान पनि यसका उदाहरण हुन्। ऋणलाई आम्दानी ठान्ने प्रवृत्ति आत्मघाती हुन्छ । उत्तरी छिमेकी चीनको ऋणबाट निर्मित पोखराको अन्तराष्ट्रिय विमान स्थल संचालनमा आएको डेढ वर्ष बिच्न लाग्दा पनि यसले अपेक्षित आम्दानी गर्न सकेको छैन । अन्तराष्ट्रिय विमान स्थलको निर्माण पश्चात पोखरामा विदेशी विमानहरुको बाक्लो हुने पर्यटकहरु आउने र पोखराको आर्थिक अवस्थामा सुधार आउनुका साथै सिंगो देशबकै अर्थ व्यवस्थामा पनि सुधार आउने अनुमान गरिएको थियो तर अहिलेसममको अवस्थालाई हेर्दा त चिनिया ऋणको व्याज र साँवा पनि आन्तरिक राजज्य स्रोतबाट नै तिर्नुपर्ने अवस्था देखिन्छ। पोखरा अन्तराष्ट्रिय विमान स्थल त हाम्रो निम्ति सेतो हात्ती सावित भइरहेको छ।

पोखरा अन्तराष्ट्रिय विमान स्थलको चर्चा हुने बित्तिकै स्वभाविक रुपमा नै यसका सञ्चालनबाट हुन सक्ने लाभ, राम्ररी सञ्चालन हुन सकेन भने ऋण र व्याजको आयतन बढ्दै जाने लगायतको विषय स्वभाविक रुपमा नै चिन्ताको कारण बन्नेछ।

अन्तर्राष्ट्रिय विमान स्थलको आवश्यकता, औचित्य र व्यवसायिक सम्भावयताबारे अध्ययन गर्न सरकारले बढी सतर्कता अपनाएको देखिएन । विमान स्थलको निर्माण हुनुभन्दा अघि नै यसका सबै पक्षको बारेमा ध्यान दिनु पर्दथ्यो । ऋण सम्झौता समेत नहुँदा ठेकेदार कम्पनीको छनौट हुनुले नै यो परियोजना विवेकपूर्ण नभएर राजनीतिक आग्रहका आधारमा निर्माण भएको प्रष्ट हुन्छ।

सन् २०१६ मा नेपाल सरकार र चाईना एग्जिम बैंकले विमान स्थल निर्माणका लागि २१६ मिलियन अमेरिकी डलर ऋण स्वरुप लिने र चिनिया कम्पनी सिएएमसीले पोखरा विमान स्थललाई टर्न की प्रोजेक्टको रुपमा निर्माण गर्ने सहमति भयो। चिनियाँ ऋणमा विमान स्थल बन्ने भएपछि विमानस्थल निर्माणमा चिनिया कम्पनीले मात्रै प्रतिस्पर्धा गर्न पाए र ९ आवेदक कम्पनीलाई उपेक्षा गरेर सिएएमसी इन्जियरिंग कम्पनीलाई नै छनौटमा पारियो। नेपालका कतिपय राजनीतिज्ञहरु, बुद्धिजिवी र विश्लेषकहरु तथा कतिपय प्रशासनिक कर्मचारी पनि उत्तरी छिमेकी चीनका निर्माण कम्पनीलाई ठेक्का दिलाउनु अत्याधिक परिश्रमिक गरिरहेका हुन्छन्। चिनिया ऋण सहयोग मात्रै होइन विश्व बैंक र एशियाली विकास बैंककमो ऋण सहयोगमा निर्माण हुने परियोजनाको ठेक्का पनि चिनिया निर्माण कम्पनीहरुले नै हात पारिरहेका छन् । जबकि चिनिया कम्पनीहरु समयमै काम पुरा गर्दैनन ।

उदघाटनको डेढ वर्ष अवधिमा पोखरा अन्तराष्ट्रिय विमान स्थलमा १८२ जना अन्तराष्ट्रिय यात्रु उत्रिएका छन् ने यहाँबाट ४२ जना विदेश उडेका छन्। ६ असार २०८० मा चीनको छेन्दुबाट सिचुआन एयरलाईन्सले फेवातालमा आयोजित ड्रागन बोटरेस फेस्टिभलमा सहभागी हुने खेलाडी सहित ८४ जना चिनिया लिएर आएको थियो तर फर्किदा भने उनहरु पाखरा नभई काठमाडौंबाट फर्केका थिए। पोखराको वोटरेस फेस्टिभललाई चीनले जिएसआई (ग्लोबल सिभिलाईजेसन इनिसिस्टिम) अन्तरगतको कार्यक्रम बताई सकेको छ।

२२ भदौ २०८० मा भुटानबाट आएको ड्रूक एयर विमानले ३ जना यात्रु ल्यायो भने फर्किदा ४२ जना लिएर गयो। २२ कातिक २०८० मा जाजरकोट र रुकुम पश्चिमका भुकम्प पीडितका लागि चीन सरकारले दिएको राहत समाग्री बोकेर दुई चिनिया कार्गो जहाज पोखरा आएका थिए । ७ मंसीरमा चीनबाट अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्रीरेसका लागि खेलाडी र खेल प्राविधिक सहित ९५ जना लिएर हिमालय एयर लाईन्सको जहाज पोखरा आएको थियो। २४ कार्तिक २०८० मा हिमालय एयरलाईन्सको् ३३ जना आन्तरिक यात्रु पोखरा ल्याएको थियो ३९ जना नेपाली यात्रु लिएर फर्केको थियो । यस अनुसार पोखरा अन्तर्राष्ट्रिय विमान स्थलको प्रयोग गर्ने कुल संख्या नै २९६ मात्र छ। सञ्चालनमा आएको डेढ वर्षमा पोखरा अन्तर्राष्ट्रिय विमान स्थलले विभिन्न शीर्षकमा ५० करोड रुपैया आम्दानी गरेको छ (त्यस मध्ये करिब २ लाख ५० हजार मात्रै अन्तर्राष्ट्रिय उठान बाट आय भएको छ।)

सरकारले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न चीनको एक्जिम बैंकबाट करिब साढे २८ अर्ब ऋण सम्झौता गरेको थियो। त्यस मध्ये करिब २५ प्रतिशत रकम व्याज नलाग्ने गरी सम्झौता भएको थियो। ब्याज नलाग्ने ऋणको साँवाको किस्ता भने ७ वर्षको अवधि सकिएपछि तिर्नु पर्ने भनियो । बाँकी ७५ प्रतिशत अर्थात २१ अर्ब ४० करोडमा भने करिब २ प्रतिशत ब्याज तिर्नुपर्छ। सँगै त्यसको साँवा पनि तालिका अनुसार तिर्दै जानुपर्छ। निर्माण अवधिसहितको ७ वर्षको ग्रेस अवधि सकिएकाले नेपालले पोखरा विमानस्थलको ऋण तिर्न थालेको छ र पहिलो वर्ष नै करिब ९४ करोड रुपैया लिईसकेको छ। अमेरिकी डलरमा ऋण लिएका कारण डलरको भाउ बढ्दा नेपालले तिर्ने किस्ता पनि बढ्दै जानेछ।

> सरकारले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गर्न चीनको एक्जिम बैंकबाट करिब साढे २८ अर्ब ऋण सम्झौता गरेको थियो । त्यस मध्ये करिब २५ प्रतिशत रकम व्याज नलाग्ने गरी सम्झौता भएको थियो । ब्याज नलाग्ने ऋणको साँवाको किस्ता भने ७ वर्षको अवधि सकिएपछि तिर्नु पर्ने भनियो

प्रतिघण्टा झण्डै तीन अन्तर्राष्ट्रिय उडानबाट ६ सय यात्रुहरुलाई सेवा दिन सक्ने क्षमता रहेको विमानस्थल विरान छ। साढे २ किलोमिटर धावन मार्ग भएकोले भविष्यमा पनि व्यवसायिक सफलता पाउन कठिन हुनेछ । चीनबाट आएको चार्टड विमानमा समेत सिट क्षमता अनुसार यात्रु नआएका कारण यसको सफलतामाथि आशंका उब्जिएकोछ। विमान स्थलको आम्दानीबाट साँवा व्याज तिर्न सकिएन भने राज्यकोषबाट तिर्नु पर्नेछ। यो विमानस्थल बनेपछि पोखरा पर्यटन र विकासका नयाँ युगमा प्रवेश गर्ने अपेक्षामा अहिले तुषारापात भएको छ।

२०७३ सालको पहिलो सातामा निर्माण सकिने गरी तत्कालीन प्रधानमन्त्री के.पी.शर्मा ओलीले यसका शिलान्यास गरेको थिए । निर्धारित समयमा यो विमानस्थल निर्माण त भएन तर सन् २०२३ को जनवरीमा यस विमान स्थलको उदघाटन प्रधानमन्त्री पुष्पकमल दहाल प्रचण्ड ले गरेका थिए। उद्घाटनकै अवसरमा कार्यवाहक चिनिया राजदुतले यस कुराको रहस्योदघाचटन गरेका थिए कि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण बिआरआई अन्तर्गतको ऋणबाट भएको हो।

यद्दपि नेपाल सरकारले भने आजसम्म विज्ञप्ती जारी गरेर चिनिया दाबीको खण्डन गरेको छ, न त चिनिया राजदुतावासले नै आफ्नो दाबीबाट पछाडि हटेको छ।

योखरा अन्तर्राष्ट्रिय विमान स्थलको निर्माण जुन उद्देश्यबाट प्रेरित भएर तथा स्नतेका साथ भएको थियो तयस दिशामा यो अगाडि पनि बढेको छ न त बढ्ने नै छ। यस विमान स्थलको निर्माणबाट भारत र चीनका पर्यटकहरुको ओइरो लाग्ने अनुमान गरिएको थियो तर भारतबाट आउने कुरै भएन। चीनले पनि यस विमान स्थललाई खासै महत्व दिएको जस्तो दिखएन । स्थानीय स्तरमा त यस कुराले बढी चर्चा पाएको छ कि अब पोखरा अन्तर्राष्ट्रिय विमान स्थलको भविष्य के हो ? लगानीको प्रतिफल अएन भने चिन्ता हुनु स्वभाविकै हो । होटल व्यवसायी संघ पोखराले धैरै पैसा लगानी गरी नयाँ नयाँ होटलहरुको निर्माण पनि गरे तर उनीहरुलाई लगानी डुबने चिन्ता सत्ताएको छ। विमानस्थलको निर्माणमा भएको भ्रष्टाचार बारे पनि व्यापक चर्चा भईरहेको छन।

दक्षिणी छिमेकी भारतले एयर स्पेसि दिएन भने पोखरा अन्तर्राष्ट्रियबाट उडानहरु चीनको आक्रोश भएर उडनु पर्नेछ। त्यो हाम्रो लागि झन हानीकारक हुनेछ । नेपालमा सत्तामा पुग्ने राजनीतिक दल र तिनका नेताहरुको निम्ति तिनको निजि र दलिय स्वार्थ सर्वोपरी हुनेछ । पोखरा अन्तर्राष्ट्रिय विमान स्थलको निर्माणमा दूरदर्शी सोच हुन पर्दथ्यो र त्यसो भएन त्यही भएर यो हाम्रो निम्ति सेतो हात्ती सावित भईरहेको छ। केबल बैदेशिक रोजगारमा जानेहरुको भरमा मात्रै विमान स्थल चलन सक्दैन।

# अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँदैन

**सन्देश पौड्याल**

नेपालको समग्र कृषि प्रणालीका मुख्य अंश साना किसानहरू कृषिलाई पेशा वा व्यवसायको रूपमा हेर्न तयार हुनुभएको छैन।

लगानी, नाफा, घाटा, प्रक्षेपण आदि धेरै टाढाका विषय भएका छन्। गरेका थियौं र भइरहेको छ भन्ने चिन्तनले नै अहिलेसम्म डोऱ्याइरहेको छ। जीवन निर्वाह भइरहेको छ भन्ने विश्वास र विदेश जान पैसा जोहो गर्ने माध्यम बनेरै कृषिकर्ममा निरन्तर लागिरहनुभएको जनसंख्या बढी छ।

अपवाद नभएका होइनन् तर समग्रतामा कुरा गर्दा अपवादको कुरा गर्नु ठिक नहोला, त्यसो गर्दा गलत विश्लेषण र निष्कर्षमा पुगिन्छ।

हाम्रो समग्र कृषि प्रणालीमा समस्या छन्, कृषि पूर्वाधार पर्याप्तताको समस्या छ, नीतिगत अस्पष्टताले समस्या बढाएको छ, संरचनात्मक रूपमै बजारदेखि लागतसम्मका समस्या छन्। यी समस्याको महत्वपूर्ण तर एउटा पाटो हो। त्यो सम्बन्धी मुद्दा धेरै राजनैतिक र थोरै सामाजिक होलान् जुन चाँडै नै समाधान हुन गाह्रो छ, कम्तीमा यो आलेखको हिस्सा चाहिं होइनन्।

कृषकसँग धेरै काम गर्ने हामी आफैंलाई प्रश्न गरिरहेका हुन्छौं, 'के कुनै चमत्कारका कारण नीति र पूर्वाधारको समस्या समाधान भइहालेको अवस्थामा हाम्रो कृषि-प्रणाली व्यावसायिक बन्न तयार छ त?'

उत्तर उत्साहजनक छैन। फेरि अर्को धारणा पनि आउला, व्यवस्था सुध्रियो भने व्यावसायिकता पनि सुध्रिहाल्छ नि!हामीले बुझेको, व्यवस्था सुध्रिनुसम्म कुर्ने हो भने कहिल्यै पनि व्यावसायिकता आउँदैन। फेरि उही व्यवस्थामा सफल मान्न मिल्ने जलस्रोत, आईटी र धेरै हदसम्म पर्यटन क्षेत्रका दृष्टान्त पनि हामीसँग छन्।

कृषिमा किन त्यसो हुन सकेन ? न त नीति र व्यवस्था सजिलै सुध्रिन्छ न त व्यवसाय गर्ने तरिका नै। आफू तयार हुँदै जाने अनि त्यसैको जगमा व्यवस्था सुधार्ने प्रयासरत रहने तरिका नै सबैभन्दा वैज्ञानिक हो। व्यवसाय अघि-अघि र नीति त्यसको पछि हुन नसक्ने केही छ र?

त्यसो भए सुधार्ने भनेको चाहिं के हो ? हाल सालैको ताजा उदाहरण दिन्छौं। शंखरापुर नगरपालिकामा हामी साना कृषकहरूलाई व्यावसायिक साक्षरतामा परिचित गराउने उद्देश्यले गएका थियौं। एउटा अभ्यास गरायौं, आफ्नो उत्पादनको लागत मूल्य निकाल्ने।

एकजनाले खुसुक्क आएर भन्नुभयो, 'यस्तो अभ्यास नगरौं, धेरैको कृषिकर्म घाटामा छ, कृषिबाटै भागाभाग होला।' धेरै यस्तो कार्यक्रममा भाग लिंदा पनि यस्तो प्रतिक्रिया पहिलो पटक आएको थियो, धेरैको अवस्था त्यही हो भन्ने हामी अनुभवको आधारमा भन्न सक्थ्यौं। तर पनि त्यो प्रतिक्रिया त्यसरी पहिलो पटक आएकोले अवाक् भएका थियौं।

नभन्दै, आफ्नो ज्यालाको मूल्य र जग्गाको सामान्य भाडा राख्दा अधिकांश कृषक घाटामै हुनुहुन्थ्यो। कतिपयलाई त विश्वास गर्ने गाह्रो भयो तर पछि किन पैसा बाँच्दैन र ऋण घट्दैन भन्ने आफ्नो कौतूहलताको उत्तर पाएको जस्तो पनि भयो।

नाफा र घाटाको हिसाब गरी हाम्रो सामु कति व्यवसाय बन्द भएका छन्, अन्त सरेका छन्, तर तर्कसंगत ढङ्गले सोच्न नजानी/नपाई कृषिकर्म नै शाश्वत सत्य हो भन्ने सोच्न बाध्य पारिनु चाहिं समस्या हो।

नेपालमा कृषिलाई व्यावसायिक बन्न तगारोको रूपमा रहेको वित्तीय र व्यावसायिक (अ)साक्षरतालाई आत्मबोध गर्दै त्यसलाई चिर्न व्यापक रूपमा व्यावसायिक साक्षरता बढाउन जरूरी छ भन्ने विश्वासका साथ हामी निरन्तर लागिरहेका छौं। घरी कक्षाकोठामा त घरी किसानको दैलोमा हामी व्यावसायिक साक्षरताको कार्यक्रम लिएर पुगिरहेका हुन्छौं।

करिब १२०० साना किसानसँगको प्रत्यक्ष साक्षात्कारको आधारमा हामी के निष्कर्षमा पुगेका छौं भने यथास्थितिमा 'कृषि' जीवन निर्वाहको साधन बन्न सक्दैन। पेशा वा व्यवसाय बन्न सक्दैन। यथास्थितिमा हाम्रो कृषि प्रणाली कृषि नीति, पूर्वाधारका साथै किसानहरूकै क्षमता पनि पर्दछ।

### समस्याको चुरो

'कृषिमा आधुनिकीकरण र व्यवसायीकरण' भन्ने नारा हामीले सुन्न थालेको कति भयो? तथ्यांकले सापेक्षित रूपमा फरक कुरा भन्न सक्ला तर दुवै पाटोमा हाम्रो प्रगति पट्



यारलाग्दो छ।

हामीले नेपालभरका ११ जिल्लाका करिब ४०० साना किसानसँग गरेको सर्वेक्षणले देखाएको छ- करिब १८ प्रतिशत किसानले मात्र जसोतसो आफ्नो व्यवसायको हिसाब-किताब राख्नुभएको छ, करिब ९ प्रतिशतसँग मात्र व्यवसायको योजना छ। त्यो पनि बैंकको ऋण अथवा अनुदानको लागि बनाएको।

करिब २८ प्रतिशत साना किसानलाई मात्र बैंकको ब्याज कसरी हिसाब हुन्छ भन्ने थाहा छ र अझ जम्मा ८ प्रतिशत साना किसानलाई मात्र आफ्नो उत्पादनको लागत मूल्यको जानकारी छ।हाम्रो सर्वेक्षण नै पूर्ण रूपमा साँचो हो भन्ने दावा हाम्रो छैन। तर करिब ६५ प्रतिशत जनता लागेको क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा २५ प्रतिशत मुनि हिस्सा छ भन्ने राष्ट्रिय तथ्यांकले देखाएको अवस्थामा, सत्य त्योभन्दा पर छ भन्ने सङ्केत कदापि हुँदैन। बैंकमा थुप्रिएको खराब कृषि ऋणले पनि हाम्रो अध्ययनलाई थोरबहुत प्रमाणित नै गर्दछ। समस्या हिसाबकिताब बुझ्नेन भन्ने मात्र होइन, नाफा-नोक्सानको विश्लेषण गर्न जानेन भन्ने मात्र पनि होइन, समस्या कतै हाम्रो साना किसानहरू गलत विश्वासमा स्वर्णिम सपना देख्दै आफू र आफ्नो परिवारलाई 'अल्झाइ'मात्र रहनुभएको त छैन भन्ने हो। समस्या कतै अपुरो लागतमा पूर्ण आशा गर्नुभएको छ कि भन्ने हो।

कुनै पनि व्यवसाय पूर्ण रूपमा नाफामा मात्र चल्ने हुँदैन, कृषि कुनै पनि हालतमा अपवाद होइन। नाफा-नोक्सानको चक्र यसमा पनि चल्छ। तर पुस्ता दर पुस्ता गरिरहेको तर 'नाफा' र 'नोक्सान'को हिसाब कहिल्यै गर्न नसकेको अवस्था चाहिं समस्या हो।

आफ्नो लागत र त्यसको प्रतिफलको सही हिसाब नगरी जीवनभर अभाव र दुःखमा बाँचिरहेर यही नै मेरो एकमात्र धर्म र कर्म हो भन्ने अनिवार्य सोच रहनु चाहिं समस्या हो।नाफा र घाटाको हिसाब गरी हाम्रो सामु कति व्यवसाय बन्द भएका छन्, अन्त सरेका छन्, तर तर्कसंगत ढङ्गले सोच्न नजानी/नपाई कृषिकर्म नै शाश्वत सत्य हो भन्ने सोच्न बाध्य पारिनु चाहिं समस्या हो। अर्को तर्क पनि जबर्जस्त रूपमा आउँछ, नाफा-नोक्सानको हिसाब गरेर धेरैले कृषिकर्म बन्द गरे देशको खाद्य सुरक्षा के हुन्छ, हामीले के खाने? हाम्रो विचार, 'आफू पिल्सिएर, एक एक रुपैयाँको लागि मिहिनेत पसिना एक गर्ने तर हात लाग्यो शून्य हुने अनि देशको खाद्य सुरक्षा र भान्सामा के पाक्छ भन्ने चिन्ता चाहिं साना किसानहरूले मात्र गरिरहनुपर्ने?'

कतै यही अवस्थाको आकलन गरेरै सम्पूर्ण संयन्त्र नै साना किसानहरूलाई व्यावसायिक रूपमा साक्षर नहोउन् भन्ने धेयका साथ अघि बढेका त छैनन्? भन्ने प्रश्न पनि टड्कारो रूपमा आउँछ।साना किसानहरूको आँखाबाट हेर्दा अवस्था साँच्चै नै जटिल छ। बीउको लागि, मलको लागि, सिंचाइको लागि, बजारको लागि, मूल्यको लागि आफू तन्नम भएर लाग्ने अनि राज्यको तर्फबाट निरन्तरको उपेक्षासँगै धेरै घाटाको व्यवसायमा निरन्तर लाग्नैपर्ने बाध्यकारी अवस्था सृजना हुनु हरेक हिसाबबाट दुःखद् हो।

आवरणमा प्रयास नभएका पनि होइनन् तर अहिलेसम्म आउँदा तिनले नतिजा निकालिसक्नुपर्ने हो, तर दुःखको साथ भन्नुपर्छ खेतमा काम नै गर्न नदिने त्यस्ता तालिम, गोष्ठी र भेलाहरूले आशातित नतिजा दिनुको साटो उल्टै यस्तो पढेर के हुन्छ र भन्ने अवस्था सृजना गरेको छ। त्यस्तो कार्यक्रम गर्ने मान्छे कि त अमूक आशाका भकारी भएका छन् कि त उपहासको पात्र।

अझ पनि साना किसानहरू कुनै परियोजनाको अपूर्ण टेकोमा लागिरहनुभएको छ। उत्पादन, बजार, लागत र नाफा-नोक्सान नबुझ्दा घरी किवी घरी ड्र्यागन फ्रुट, घरी अदुवा त घरी एभोकाडोको 'नोक्सानीपूर्ण' जालोमा किसानहरू परिरहनुभएको छ। पत्र-पत्रिका र 'युट्युब'मा आउने जल्दबाजीका 'ग्लामरस' समाचारहरूले पनि सहयोग गरेका छैनन्।

कसैले यो उत्पादन गर्नु राम्रो हुन्छ भनेर भनेको आधारमा सम्पूर्ण साधन-स्रोत खर्च गर्नुभन्दा आफैं त्यसको आलोचनात्मक रूपमा विश्लेषण गर्न सक्ने भएको भए अवस्था कति राम्रो हुनेथियो होला। अनि मात्र त्यो सही मानेमा व्यवसाय 'नाफा नोक्सान' वाला हुन्थ्यो होला, जसको जिम्मेवारी उहाँहरूकै काँधमा हुनेछ।

सरोकारवाला सम्पूर्णलाई हाम्रो अनुरोध, यो निकै चुनौतीपूर्ण भए पनि समाधान गर्न सकिने चुनौती हो। तुलनात्मक रूपमा कम साधनस्रोतमै सम्पन्न गर्न सकिन्छ, प्राविधिक र व्यावसायिक साक्षरताको प्रयत्न साथ-साथै जानुपर्ने देखिन्छ।राज्य, प्राज्ञिक संस्था, विकास साझेदारहरूलाई हाम्रो अनुरोध- विगतमा के भए त्यसलाई शिक्षाको रूपमा लिई हातेमालो गर्दै यो समस्यालाई चिर्न दृढ विश्वासका साथ अघि बढौं। धरातल बुझेर इमानदार प्रयास गरौं। छरिएका प्रयास र स्रोतहरूले हामीलाई नतिजाउन्मुख बनाएका छैनन्।

यसलाई मनन गर्दै हाम्रा अन्नदाताहरूको मिहिनेतको सही ढङ्गले सम्मान हुने अवस्था सृजना गर्नतर्फ लागौं। सकिन्छ उहाँहरूको जीवनको सकारात्मक परिवर्तनको लागि काम गरौं, सकिंदैन भने कम्तीमा उहाँहरूलाई अहिलेकै अवस्थामा कृषिकर्मले समृद्धि ल्याउँछ भन्ने 'भ्रम'बाट मुक्त गरौं।अनलाईन खवर

# मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउनुपर्नेमा सांसदको जोड

काठमाण्डु । राष्ट्रियसभाको मंगलबारको बैठकमा बोल्ने सांसदहरुले कृषिप्रधान मुलुकले खाद्यान्नमा आत्मनिर्भर हुनुपर्ने र यसकार्यमा राज्यले विशेष ध्यान दिनुपर्नेमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रियसभाको मंगलबारको विशेष समयमा नेपाली कांग्रेसका विष्णुकुमारी सापकोटाले कृषिप्रधान मुलुक भनिए पनि खाद्यान्नमा परनिर्भर हुनु परेको उल्लेख गर्दै आत्मनिर्भर बन्ने गरी सरकारले विशेष कार्यक्रम अगाडि सार्नुपर्ने बताउनुभयो । "कृषिप्रधान देश हो तर हामी आफैँले खान पुग्नेगरी खाद्यान्न तरकारी फलफूल पनि उत्पादन गर्न सकिरहेका छैनौँ, परनिर्भर हुनुपरेको छ", सांसद सापकोटाले भन्नुभयो, "प्राकृतिक स्रोतहरु परिचालन गर्न जानेका छैनौँ, प्लाष्टिकजन्य सामग्रीलाई बढी कर लगाउनुपर्छ, नेपालकै दुनाटपरी प्रयोग गर्नुपर्छ, जसलेगर्दा मुलुक आत्मनिर्भर हुन्छ। यस विषयमा सरकारको ध्यान जाओस् ।" जलवायु परिवर्तनका कारण हिमाल कालापहाडमा परिणत भएका, धेरै नागरिक पहाडबाट तराई झरेका र तराईमा अत्यधिक गर्मीले जनजीवन प्रभावित भएका तर्फ पनि सरकारले विशेष ध्यान दिनुपर्ने उहाँको भनाइ थियो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सुमित्रा विसीले मुलुकलाई आत्मनिर्भर बनाउने किसिमका उद्योगधन्दा र कृषिजन्य उत्पादन बढाउनुपर्नेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । "मुलुकलाई आत्मनिर्भर बनाउन कृषिमा लगानी गर्नुपर्छ, कृषिमा आधारित उद्योगभन्दा खोल्नुपर्छ", उहाँले भन्नुभयो, "समृद्ध नेपाल र सुखी नेपालीको सङ्कल्प पूरा गर्नका लागि मुलुकलाई विकासको बाटोमा डोऱ्याउन जरुरी छ ।" उहाँले भूकम्प प्रभावितलाई अझै घर निर्माण नभएका र पहिलो किस्ता पनि ६० प्रतिशतले नपाएको गुनासो आइरहेको उल्लेख गर्दै टिनको टहरामा बस्नुपर्दा गर्मी, सर्पको डर र विभिन्न खालको हिंसा हुने खतरातर्फ पनि सरकार सचेत हुनुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका नारायणदत्त मिश्रले बजेटमा प्रभावशाली नेताका जिल्लामा धेरै बजेट र अरु नेताहरुको जिल्लामा बजेट नै नभएको गुनासो गर्दै आवश्यकताका आधारमा बजेट विनियोजन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सरकारी विद्यालयमा तालिममा धेरै खर्च गरिए पनि शिक्षण सिकाइमा धेरै सुधार हुन नसकेकोकाले यस विषयमा गम्भीर समीक्षा हुनुपर्ने धारणा राख्नुभयो । साथै, उहाँले सङ्घीय संसद् भवन निर्माणमा भइरहेको ढिलाइप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।




एमालेका सोनाम गेल्जेन शेर्पाले जलवायु परिवर्तनले विकराल अवस्था ल्याएको भन्दै सगरमाथाको आधार शिविरमा फोहरमैला व्यवस्थापन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले जलवायु परिर्वतनका कारण हिमालमा गम्भीर असर परेकाले न्यूनीकरणका लागि प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का उर्मिला अर्यालले राज्यको आर्थिक स्रोतको दुरुपयोग गर्दै राजनीतिक पहुँच बढाउनेलाई कारबाही गर्नुपर्ने बताउनुभयो । उहाँले झोलुङ्गे पुलको नियमित मर्मत गर्ने, विकल्पमा पक्की पुल बनाउनुपर्ने र विगतमा लापरबाही गरेका ठेकेदारहरुलाई कारबाही गर्नुपर्ने बताउनुभयो । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का मदनकुमारी शाह (गरिमा)ले भूकम्प प्रभावित क्षेत्रजस्तै सल्यान, रुकुमपश्चिम र जाजरकोटको पुनःनिर्माणमा तीव्रता दिन माग गर्नुभयो ।

सांसद विष्णुबहादुर विश्वकर्माले कर्णाली प्रदेशको दैलेख र सुदुरपश्चिम प्रदेशको अछाम जिल्लाको बीचमा रहेको झोलुङ्गे पुलको लट्ठा चुडिँदा १४ वटा खच्चड पुलमा परेका र समयमा उद्धार गर्न नसक्दा दुई खच्चडको मृत्यु भएकोप्रति दुःख व्यक्त गर्नुभयो । झक्कुप्रसाद सुवेदीले खास परिस्थितिमा देशमा निरासा देखिनु स्वभाविक भएको उल्लेख गर्दै सबैले निरासा बाँड्ने काम गर्न नहुनेमा बताउनुभयो । उहाँले नयाँ पार्टीहरु पुराना पार्टीको वितृष्णाको कारण नभई नेपालको संविधानले गरेको व्यवस्थाअुनसार आएको र अब संविधान रक्षाका लागि मिलेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

यस्तै, सांसद विष्णुदेवी पुडासैनीले महँगी बढ्दै गएको तर निरीक्षण तथा अनुगमनको कुनै पनि व्यवस्था नभएकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले विकास निर्माण, सडक, पूर्वाधार निर्माणमा सरकारले विशेष ध्यान दिनुपर्ने बताउनुभयो ।

> नेपाली कांग्रेसका नारायणदत्त मिश्रले बजेटमा प्रभावशाली नेताका जिल्लामा धेरै बजेट र अरु नेताहरुको जिल्लामा बजेट नै नभएको गुनासो गर्दै आवश्यकताका आधारमा बजेट विनियोजन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

### सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक पारित

राष्ट्रियसभाबाट 'सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०' सर्वसम्मतले पारित भएको छ ।

सभाको आजको बैठकमा अर्थमन्त्री वर्षमान पुनले विधेयक प्रस्तुत गर्नुभएको थियो। त्यसअघि प्रस्तुत विधेयकमाथि छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिँदै उहाँले यस विषयमा समितिमा पर्याप्त छलफल भएको बताउनुभयो ।
उहाँले भन्नुभयो,"यो विधेयकमा जनताको दैनिक काराबोर खासगरी धितोसम्बन्धी व्यवस्था छ । उत्पादनमूलक व्यवसाय माछापोखरी, फलफूल बगान, पशु फार्म आदिमा धितोको व्यवस्था हुनेछ । यो संशोधनपछि थप व्यावहारिक र समयसापेक्ष हुन्छ ।"

विधेयकमाथिको छलफलमा सांसदद्वय देवेन्द्र दाहाल र कमला पन्तले भाग लिइ आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।यसैगरी बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले राष्ट्रिय मानवअधिकार आयोगको २३औँ वार्षिक प्रतिवेदन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पाँचौं वार्षिक प्रतिवेदन पेस गर्नुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक आगामी असार ४ मङ्गलबार १:१५ बजे बस्ने छ ।रासस

# जलवायु परिवर्तन र आर्थिक अस्थिरताप्रति उपराष्ट्रपतिद्वारा चिन्ता व्यक्त



पाटन । उपराष्ट्रपति रामसहायप्रसाद यादवले जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरताप्रति चिन्ता व्यक्त गर्नुभएको छ ।

मध्यपश्चिम र नेपाल खुला विश्वविद्यालयको आयोजनामा यही जेठ ३२ गतेसम्म सञ्चालन हुने ३०औँ दिगो विकास अनुसन्धानसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको मंगलबार ललितपुरमा आयोजित उद्घाटन समारोहमा उहाँले पछिल्लो समय विश्वले सामना गर्दै आएका जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरतालगायत चुनौती विशाल र जटिल बन्दै गएकामा चिन्ता व्यक्त गर्नुभएको हो ।

"जलवायु परिवर्तन, वातावरणीय ह्रास, सामाजिक असमानता र आर्थिक अस्थिरता हाम्रो मुख्य चुनौती हो, यद्यपि, यी चुनौतीभित्र समाज र अर्थतन्त्रलाई समान र दिगोरूपमा रूपान्तरण गर्ने महत्वपूर्ण अवसर पनि रहेका छन्", उहाँले भन्नुभयो, "नवीकरणीय ऊर्जा प्रवर्द्धन, वन संरक्षण, दिगो कृषि र पर्या-पर्यटनमार्फत ग्रामीण समुदायलाई सशक्तीकरण गर्ने नेपालको प्रयास वातावरणसँग सुमधुर सम्बन्ध कायम गर्ने केही महत्वपूर्ण उदाहरण हुन् ।"

विश्व नै जलवायु परिवर्तनको चपेटामा परेकाले यसको असर न्यूनीकरणमा एउटा देशको प्रयासले मात्र नपुग्ने उहाँको भनाइ थियो । उहाँले कुनै पनि राष्ट्रले विश्वव्यापी चुनौतीलाई एक्लै सम्बोधन गर्न नसक्ने भन्दै यी सबै चुनौतीको विश्वव्यापी समाधान आवश्यक रहेकोमा जोड दिनुभयो ।

उपराष्ट्रपति यादवले सम्मेलनले विश्वव्यापी सहयोगको भावना अभिवृद्धि गर्दै सुनौलो र दिगो भविष्य निर्माणका लागि साझा प्रतिबद्धताका साथ अघि बढ्न उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो । "नेपालको समृद्ध संस्कृति र प्राकृतिक वैभवस्थलमा भइरहेको यो जमघटले मानव सभ्यता र प्रकृतिबीचको दयनीय अवस्थालाई सन्तुलन कायम गर्न सक्नुपर्दछ । दिगो विकासप्रति हाम्रो प्रतिबद्धता छँदैछ, सिङ्गो पृथ्वीको संरक्षण गर्दै भाविपुस्ताको भविष्य सुरक्षित राख्न पनि हामी कटिबद्ध छौं ।"

उहाँले विभिन्न अनुसन्धान पृष्ठभूमिसहितका विज्ञहरू यो सम्मेलनमा आ-आफ्ना ज्ञान, रणनीति र अनुसन्धान साझा गर्न भेला भएको जानकारी पाएर आफूलाई खुसी लागेको बताउनुभयो । "म तपाईंहरू प्रत्येकलाई सक्रियरूपमा छलफलमा संलग्न हुन, आफ्ना वैज्ञानिक तथ्य साझा गर्न र नवीन समाधान प्रस्तुत गर्न आग्रह गर्दछु, "उहाँले भन्नुभयो, "परम्परागत ज्ञान प्रणालीको महत्व, नवीकरणीय ऊर्जाको भूमिका, संरक्षण प्रयासको आवश्यकता र दिगोपनलाई सम्बोधन गर्न अत्याधुनिक प्रविधिलाई पनि आत्मसात् गर्दै अगाडि बढ्न आवश्यक छ ।" उहाँले नेपाल दिगो विकास क्षेत्रको समस्याको अभिनव समाधान र सहयोगको पक्षमा रहेको बताउनुभयो । सम्मेलनमा ५० देशका तीन सयभन्दा बढी प्राध्यापक वैज्ञानिक, अनुसन्धानकर्ता र नीतिनिर्मातालगायत सहभागिता छ ।रासस


## श्री धनुष जनता (प्रा तथा व्या. शिक्षा) मा.वि.
## धनुषाधाम नगरपालिका, धनुषा
## करार सेवामा शिक्षक पदपूर्ति सम्बन्धी सूचना

यस विद्यालयको विद्यालय व्यवस्थापन समिति मिति २०८१/०१/२२ गतेको निर्णयानुसार मिति २०८१/०२/०१ गतेको च.नं. १२४६ को धनुषाधाम न.पा. को सिफारिस एवं मिति २०८१/०२/१७ को शिक्षा विकास तथा समन्वय इकाई धनुषाको पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपसिलका शिक्षक पदहरुमा करार सेवामा शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक एवं योग्यता पुगेका उम्मेदवारबाट दरखास्त आव्हान गरिन्छ ।

तपसिलः-

| क्र.स. | विज्ञापन नं. | प्रकार | विषय | तह र श्रेणी | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | अस्थायी करार | | प्रा.शि. तृतीय (I. Ed.) वा सो सरह | १ | शि.वि. तथा स.इ.च.नं. १८३८ अनुसार थप योग्यता भएकोलाई विशेष ग्राहयता |
| २ | ०२/२०८०/०८१ | अस्थायी करार | अंग्रेजी | मा.शि. द्वि (M.Ed./M.A.) वा सो सरह | १ | शि.वि. तथा स.इ. च.नं. १८३७ अनुसार |
| ३ | ०३/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | मा.शि.द्वि. (M.E.) वा सो सरह | १ | शि.वि. तथा स.इ.च.नं. १८४२अनुसार |
| ४ | ०४/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | नि.मा.शि तृ (overseer) वा सो सरह | १ | शि.वि. तथा स.इ.च.नं. १८४२अनुसार |
| ५ | ०५/२०८०/०८१ | अस्थायी करार | भौतिक विज्ञान | मा.शि. द्वि (M.Sc. Physics) वा सो सरह | १ | शि.वि. तथा स.इ.च.नं. १४६ अनुसार |
| ६ | ०६/२०८०/०८१ | अस्थायी करार | इलेक्ट्रीकल | मा.शि. तृ (B.E.) वा सो सरह | १ | शि.वि. तथा स.इ.च.नं. १४६ अनुसार |
| ७ | ०७/२०८०/०८१ | अस्थायी करार | स-लेखापाल | B.Com वा सो सरह | १ | शिक्षा तथा मानव श्रोत विकास केन्द्रवाट प्राप्त अनुदान अनुसार |
| ८ | ०८/२०८०/०८१ | अस्थायी करार | बालविकास | १० जोर दुई | १ | |

१. **न्यूनतम शैक्षिक योग्यता**
क) प्रा.शि. तृतियका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट B.ed उर्तिण गरि अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
ख) मा.शि.द्वि. अंग्रेजीका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट M.Ed/MA कम्तिमा द्वितीय श्रेणीमा उतिर्ण गरी माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।
ग) प्राशिक्षक मा.शि.द्वि - इलेक्ट्रील विषमा MF उर्तिण गरी NEC मा दर्ता भएको र कम्तीमा चार वर्षको कामको अनुभख भएको ।
घ) प्राशिक्षक मा.शि.तृ - इलेक्ट्रील विषमा BE उर्तिण गरी NEC मा दर्ता भएको र कम्तीमा एक वर्षको कामको अनुभख भएको ।
ङ) प्राशिक्षक मा.शि.द्वि - (भौतिक विज्ञान) भौतिक विज्ञान लिई M.Sc वा सो सरह गरी अध्यापन अध्यापन अनुमति पत्र भएको ।
च) सह-प्रशिक्षक (नि.मा.तृ) - इलेक्ट्रीकल विषयमा Diploma In Electrical Engineering वा सो सरह ।
छ) सह-लेखापालको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट B.Com उर्तिण गरेको ।
ज) बालविकासका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट १०+२ उर्तिण गरेको ।
**नोट** : वैदेशिक प्रमाण-पत्रको हकमा समकक्षता प्रमाणपत्र पेश गर्नुपर्ने ।
२. **उमेर** २१ वर्ष पुरा गरी ४० वर्ष ननाघेको ।
३. **निवेदन दस्तुर** स-लेखापाल र बालविकासका लागि रु. १०००।- (अक्षरेपी एक हजार मात्र), प्रा.शि. सहायक प्रशिक्षकका लागि २०००।- (अक्षरेपी दुई हजार मात्र) र मा.शि. प्रशिक्षकको लागि रु.३०००।- (अक्षरेपी तीन हजार) । साथै यस विद्यालयको नाममा रहेको सिटिजन्स् बैंकको खाता नं. १०३०१०००००७१२०१ दाखिला गरी सक्कल भौचर निवेदन साथ विद्यालयमा पेश गर्नुपर्ने छ ।
४. **निवेदन दिने मिति** २०८१/०२/२८ गते देखि २०८१/०३/१० गतेको बेलुका ४:०० बजे सम्म ।
५. **स्थान**: श्री धनुषा जनता मा.वि. धनुषाधाम न.पा. ३, धनुषाधाम विद्यालयको समयमा ।
६. **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरूः**- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, सम्पूर्ण शैक्षिक योग्यताहरुको प्रमाणपत्रको प्रतिलिपी, स्थायी अध्यापन अनुमति पत्र, NEC दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
७. **परीक्षाको किसिमः**- लिखित, मौखिक र प्रयोगात्मक (शिक्षक सेवा आयोगको विषयगत पाठ्यक्रम अनुसार)
८. सर्म्पक मिति पछि प्रकाशन गरिनेछ ।
९. **सर्म्पक नम्बरः**- ९८६२०८२७८२,९८०७६१७६६५, ९८१५८१०५५५

**प्रधानाध्यापक**



## जनकपुरधाम उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### मधेश प्रदेश
### जनकपुरधाम, धनुषा
## बोलपत्र आव्हानको ३0 दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/३०**

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र रहेको राम जानकी पेठीया बजार तथा माछा बजार क्षेत्रमा मात्र आगामी आ.व. ०८१/८२ को असार मसान्त सम्मको लागी जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा (९) को अनुसूची (८), जनकपुरधाम उप-महानगरपालिका आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ को परिच्छेद-२ को नियम ३ (१) तथा राजश्व परामर्श समितिको मिति २०८१/०२/२७ को निर्णय बमोजिम ठेक्का बन्दोबस्ती लगाउने निर्णय भए अनुसार आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र निम्न शर्त/बन्देजहरुको अधिनमा रहि बोलपत्र खरिद र दाखिला गर्न यो ३० (तिस) दिने बोलपत्र आव्हान गरिएको छ ।

**निम्नः-**

१. यस राम जानकी पेठीया बजार तथा माछा बजारको बहाल बिटौरी कर यस उपमहानगरपालिकाले तोकेको दर बमोजिम ठेकेदारले अशुल उपर गर्न पाउने छ ।
२. ठेक्का कबोल अंकको ५ प्रतिशत धरौटी बापत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, (भानुचोक शाखा) जनकपुरधामको धरौटी खाता नं १२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै भौचर र नेपाली नागरिकताको छाँयाप्रति बोलपत्र सहित संलग्न राखि पेश गर्नुपर्ने छ साथै यस कार्यालयको राजश्व शाखामा नगदी रु.३०००.०० (तीन हजार रुपैयाँ मात्र) को नगदी रसिद लिई मिति २०८१/३/२६ गते सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।
३. ठेक्का स्वीकृत भएपछि कबोल रकम चार (४) किस्तामा बुझाउनुपर्ने छ, जसमध्ये सम्झौता गर्नु अघि एक किस्ता नगदी तथा अन्य तिन किस्ता रकम बराबरको बैंक ग्यारेण्टी वा सोही बराबरको धनजमानी बुझाउनु पर्ने छ वा कबोल रकम एकमुष्ट अग्रिम बुझाएमा ५ प्रतिशत छुट समेत दिइनेछ ।
४. नेपाल सरकारलाई बुझाउनुपर्ने सबै किसिमका करहरु ठेकेदारले नै बुझाउनु पर्ने छ ।
५. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र करारनामामा उल्लेखित शर्त बमोजिम कार्य गर्नु गराउनु पर्ने छ ।
६. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयलाई रहने छ ।
७. केरमेट, सहिछाप नभएको, म्याद नाघि पर्न आएका बोलपत्रहरु स्वीकृत गरिने छैन ।
८. बोलपत्र फारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।
९. बोलपत्रदाता तथा यस कार्यालय बिच कुनै किसिमको मतभिन्नता भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ ।
१०. बोलपत्र फाराम भर्दा आफूले नाम र ठेगाना समेत लेखि बोलपत्र मिति २०८१/३/२७ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्ने छ ।
११. बोलपत्र फारम मिति २०८१/३/२७ गते दिनको २:०० बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिने छ, उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन ।
१२. ठेक्का अवधि सम्झौता करार भएको मिति देखि मिति २०८२ असार मसान्त सम्मको लागी मात्र कायम रहने छ ।
१३. ठेक्काको न्यूनतम कबोल रकम रु. ६८,५०,०००.०० (रु.अड्सठी लाख पचास हजार रुपैयाँ मात्र ।) कायम गरिएको छ ।
१४. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ ।
१५. फोहोरमैला व्यवस्थापनको जिम्मेवारी ठेकेदारको हुनेछ र सोको समन्वय उपमहानगरपालिका संग गरी गर्नुपर्नेछ ।

# गाजा युद्धविरामको समर्थन गर्ने अमेरिकी मस्यौदा प्रस्ताव अनुमोदन



एएनआई

न्यूयोर्क । इजरायल-हमास युद्धको कारण पश्चिम एसियामा बढ्दो तनावको बीच हाल आठौं महिनामा गुज्रि रहेको छ ।यसै विच राष्ट्रसघींय सुरक्षा परिषदले सोमबार गाजामा स्थायी युद्धविराम र बन्धकहरूको रिहाइको लागि अमेरिकी प्रस्ताव पारित गर्यो ।

अमेरिकाले तयार पारेको पाठले हमासलाई राष्ट्रपति जो बाइडेनले मे -३१ मा घोषणा गरेको युद्धविराम प्रस्ताव स्वीकार गर्न आह्वान गरेको छ, जसलाई इजरायलले पहिले नै स्वीकार गरिसकेको छ ।भिटो शक्ति प्रयोग नगर्ने निर्णय पछि प्रस्तावको पक्षमा १४ मत, बिरूद्ध शून्य र रूसद्वारा एक अनुपस्थितिका साथ प्रस्ताव पारित भएको थियो ।

राष्ट्रसङ्घका अनुसार स्वीकृत प्रस्तावको उद्देश्य तीन चरणमा व्यापक युद्धविराम सम्झौतामा पुग्नु हो ।पहिलो चरणमा "महिला, वृद्ध र घाइते लगायत बन्धकको रिहाइ, मारिएका बन्धकको अवशेष फिर्ता र प्यालेस्टिनी कैदीहरूको आदानप्रदान" गरी तत्काल, पूर्ण युद्धविरामको आह्वान गरिएको छ ।यसले इजरायली सैनिकहरूलाई गाजाको जनसङ्ख्या भएका क्षेत्रहरू छोडी प्यालेस्टिनीलाई आफ्नो घर तथा समुदायमा फर्कन अनुमति दिन र मानवीय सहायता व्यापक र सुरक्षित रूपमा वितरण गर्न माग गर्दछ ।

राष्ट्रसङ्घका अनुसार दोस्रो चरणले "गाजामा रहेका सबै बन्धकहरूको रिहाइ र गाजाबाट इजरायली सेनाको पूर्ण फिर्तीको बदलामा" शत्रुताको स्थायी अन्त्ये अनुभुती गर्नेछ । अर्कोतर्फ, तेस्रो चरणमा "गाजाका लागि प्रमुख बहु-वर्षीय पुनर्निर्माण योजना" हुनेछ र पट्टीमा मृतक बन्धकको अवशेषहरू इजरायललाई फिर्ता गरिनेछ ।

राष्ट्रपति बाइडेनले उक्त सम्झौतालाई "युद्धविराम मात्र नभई अनिवार्य युद्धको स्थायी अन्त्ये गर्ने सम्झौताको रूपमा वर्णन गर्नु भएको थियो । उहाँले सम्झौताका सर्तहरू कतारले हमासको नेतृत्वलाई हस्तान्तरण गरेको बतानु भएको थियो । यसैबीच, संयुक्त राष्ट्रका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रीनफिल्डले यदि हमासले सुरक्षा परिषद्ले अनुमोदन गरेको सम्झौतामा सहमत भयो भने लडाइँ रोक्न सक्ने बताउनु भएको थियो ।

उहाँले हमासले अब स्पष्ट रूपमा अन्तर्राष्ट्रिय समुदाय सम्झौताको पछाडि एकजुट भएकाले जिवन जीवन बचाउन गाजामा प्यालेस्टिनी नागरिकहरूलाई पुनर्निर्माण र निको हुन मद्दत गर्नेछ ।

> उहाँले हमासले अब स्पष्ट रूपमा अन्तर्राष्ट्रिय समुदाय सम्झौताको पछाडि एकजुट भएकाले जिवन जीवन बचाउन गाजामा प्यालेस्टिनी नागरिकहरूलाई पुनर्निर्माण र निको हुन मद्दत गर्नेछ ।

"बन्धकहरूलाई आठ महिना कैदपछि उनीहरूका परिवारसँग पुनर्मिलन गर्ने सम्झौताको पछाडि एकजुट हुनुहोस् ।"राजदूत थोमस-ग्रीनफिल्डले वर्तमान अवस्थाबाट टाढा रहने मौका र अमेरिकाले इजरायलले जिम्मेवारी सुनिश्चित गर्न सहयोग गर्नेछ, तथापि, सबै "हमासले सम्झौता स्वीकार गरेको मानेर" गरिनेछ ।

प्रस्तावमा, संयुक्त राष्ट्र सुरक्षा परिषदले गाजा पट्टीमा जनसाङ्ख्यकीय वा क्षेत्रीय परिवर्तनको कुनै पनि प्रयासलाई अनुमति दिँदैन, जसमा एन्क्लेभको क्षेत्र घटाउने कार्य पनि समावेश छ ।यसले दुई-राज्य समाधानको दृष्टिकोणप्रति परिषद्को "अटुट प्रतिबद्धता" पनि दोहोर्‍याउँछ। "यस सन्दर्भमा प्यालेस्टिनी प्राधिकरणअन्तर्गत वेस्ट बैंक संग गाजा पट्टीलाई एकीकृत गर्ने महत्त्वलाई जोड प्रस्तावमा गरिएको छ।

अक्टोबर-७ मा हमासले गरेको आक्रमणपछि गाजामा द्वन्द्व बढेको थियो, जहाँ करिब दुई हजार पाँच सय आतङ्ककारीले गाजा पट्टीबाट इजरायलको सीमा पार गर्दा हताहत र बन्धकहरू कब्जा गरियो ।

त्यसबेला देखि इजरायलले गाजा आक्रमणलाई नागरिक हताहत कम गर्ने प्रयास गर्दै सम्पूर्ण आतङ्कवादी समूहलाई उन्मूलन गर्ने लक्ष्यका साथ हमासको पूर्वाधारलाई लक्षित गरेको बताएको छ ।

## सहरका विद्यार्थीका दुःख :

# खेलमैदान छैन, कक्षाकोठाभित्रै घुम्छ फुटबल

काठमाण्डु । विद्यालयको घडीमा बिहानको १० बजेपछि टिनिनी घन्टी बज्छ । बालबालिका विद्यालय बाहिरै गर्नुपर्ने प्रार्थना पनि नगरी कक्षा कोठाभित्र छिर्छन् । कक्षाकोठामा बेञ्चमै उभिएर गाउँछन् उनीहरुले राष्ट्रिय गान पनि । त्यसपछि पढाई सुरु भइहाल्छ । विद्यालय परिसरमा प्राथना गर्ने ठाउँ छैन, न त खेलमैदान नै छ ।


काठमाडौं महानगरपालिका-१० मा पर्ने बुद्धनगर आधारभूत विद्यालयका बालबालिकाको दैनिकी हो यो । विद्यालयमा पठनपाठनसहित अतिरिक्त क्रियाकलापहरु गर्नुपर्नेमा उनीहरुसँग खेलमैदान भने छैन । विद्यालयमा उनीहरु खेल्ने सामग्री र खेलौना त थुप्रै छन् तर खेल मैदानको अभावमा 'स्टोर'मै थन्किएका छन् ।

कक्षा ७ मा पढ्ने सुमनलाई भविष्यमा फुटबल खेलाडी बन्ने चाहना छ । लाग्छ, विद्यार्थीको चाहना र आकांक्षा पूरा गर्न सघाउने आधार भनेको विद्यालय हो । तर विद्यालयमा मैदान नै नभएपछि उनी कहाँ फुटबल खेल्ने अभ्यास गरुन् र आफ्नो सपना पूरा गरुन् ? "पढाई पनि राम्रै छ, यति मात्रै हो खेल्ने र कुद्ने ठाउँ छैन", समुन भन्छन् "खेल्न पाए पो स्कुल आउन मन लाग्छ ।" विद्यालयमा मैदानको अभावका कारण पर्याप्त मात्रामा खेल्न र सिक्न नपाएको उनको गुनासो छ ।

खेल्न त मैदानमै मन थियो, तर कहिलेकाहीँ कक्षा कोठामै फुटबल भेटिन्छ । बालबालिका । मैदान नहुँदा विद्यार्थीहरु कोठामै फुटबल खेल्न बाध्य छन् । "फुटबल खेल्ने ठाउँ छैन, कक्षा कोठामै खेल्छौँ", सोही विद्यालयका विद्यार्थी सुमन भुजेल भन्छन्, "खेल मैदान भए मज्जाले खेल्न पाइन्थ्यो तर हाम्रो विद्यालयमा मैदान छैन । हामीले त अहिलेसम्म बाहिर खेल्नै पाएका छैनौँ ।"

विद्यालयको दुईतले भवन त छ तर बालबालिका खेल्ने मैदान भने छैन । भलिबल, फुटबल या अन्य खेल खेल्ने कुरा त परै जाओस् अरु विद्यालयमा झैँ नियमित प्राथना गर्ने, पिटी (शारिरीक कसरत) गर्ने जस्ता क्रियाकलाप गर्ने ठाउँ पनि यहाँ छैन । यहाँका बालबालिका स्कुलको दैनिक प्रार्थना पनि गर्न पाउँदैनन् । शारीरिक कसरत गर्ने पर्याप्त स्थानको अभावमा उनीहरुका सबै क्रियाकलापहरु नै कक्षाकोठाभित्रै हुने गर्दछ ।

कक्षा ५ की अन्जली तिवारीलाई पनि फुटबलमै मन छ । घरमा खेल्नका लागि अभिभावकले खासै महत्व दिँदैनन् । यता विद्यालयमा मैदान त छैन नै, कहिलेकाहीँ कक्षा कोठामै पुग्ने फुटबल पनि उनी छुन पाउँदिनन् । स्कुलको 'हाफ छुट्टी'मा उनी ढुङ्गा बटुलेर गट्टा खेल्ने, चुङ्गी खेल्दै गर्छिन् । हुन त स्टोरमा क्यारम्बोर्ड, ब्याडमिन्टनका सामग्री पनि छन् । तर पनि खेल्ने र सिक्ने वातावरण भने नभएको उनले सुनाइन् । "मेरो खुट्टाले अझै फुटबल छुन पाएको छैन", उनी भन्छिन् "स्कुलमा भलिबल, फुटबल पनि थन्किएका छन् तर खेल्न पाइदैन ।" अन्जलीकी साथी आचल भण्डारीको गुनासो पनि उही छ । स्कुलमा खेल्ने र रमाइलो गर्ने निकै रहर हुँदाहुँदै प्रशस्त स्थानको अभावले मन खुम्चाएर बस्नुपरेको उनी बताउँछिन् ।



बुद्धनगर आधारभूत विद्यालयकी गणित शिक्षक शान्ता पराजुलीले स्थानकै अभावका कारण बालबालिकाको अतिरिक्त क्रियाकलाप अभ्यास गराउन समस्या भएको स्वीकार गर्नुहुन्छ । उहाँका अनुसार खेलौनाहरु स्टोरमै थन्किएका छन् । वडा कार्यालयमा खेल मैदान उपलब्ध गराउनु भनेर निवेदन दिएको समेत उहाँले जानकारी दिनुभयो । "खेल्दै र सिक्दै पढाउनुपर्ने बालबालिका ठाउँकै अभावले गर्दा खुम्चिएका छन्", उहाँले भन्नुभयो, "वडा कार्यालयले छिट्टै नै खेल मैदानको व्यवस्थापन गर्ने भन्नुभएको छ ।"

साँघुरो विद्यालयको रुपमा थापाथलीस्थित गुजेश्वरी बाल शिक्षा माध्यमिक विद्यालयले पनि समस्या भोग्दै आएको छ । विद्यालय एक रोपनी तीन आना, तीन दाम जग्गामा बनेको छ । यसमा पनि १२ आना जग्गा व्यक्तिले आफ्नो भएको भन्दै अदालतमा मुद्दा परेको छ । काँक्राको चिरो जस्तै बाँकी रहेको थोरै जग्गामा बालबालिका कोच्चिएर खेल्ने गर्दछन् । साँघुरो ठाउँमा खेल्दा धेरैपटक अरु बालबालिकालाई बलले चोट लागेर दुर्घटना समेत भएको बालबालिका बताउँछन् । पर्खालबाट बल उछिट्टिएर बाटोमा पुग्दा पर्खालबाटै मान्छे आएपछि बल पाउला भन्दै पर्खिरहनुपर्ने अवस्था उनीहरुसँग छ । "पर्खाल बाहिर बल जान्छ, कोही मान्छे आउलान् र बल दिन्छन् कि भन्दै कुरेर बस्छौँ", यहाँका विद्यार्थी राहुल राई बताउँछन् । "मज्जाले खेल्ने र उफ्रिने ठाउँ नै छैन ।"

विवादमा परेको जग्गामा ढुङ्गा र इट्टा छन् । कहिलेकाहीँ बालबालिका त्यहीँ पुगेर ठोकिन्छन् र घाइते पनि हुने गरेका छन् । विवादित जग्गाका कारण मैदान सफा र व्यवस्थित बनाउन नसकेको गुजेश्वरी बाल शिक्षा माध्यमिक विद्यालयकी प्रधानाध्यापक नीता पौडेलले बताउनुभयो।काठमाडौँमहानगरपालिकाले बालमैत्री विद्यालय बनाउन, खेलकुद र अतिरिक्त क्रियाकलापमा बनाउन प्रोत्साहनस्वरुप योजनाहरु ल्याएको भए पनि विद्यालयको संरचना बालमैत्री नहुँदा पूर्ण रुपमा लागू गर्न नसकिएको उहाँले बताउनुभयो ।

विवादित जग्गा मात्रै विद्यालयको नाममा बनाउन सके मैदान सुन्दर र व्यवस्थित बनाउनु सकिने उहाँले सुनाउनुभयो । उहाँका अनुसार २०५७ सालदेखि नै विद्यालयको जग्गा अदालतमा मुद्दा चलिरहेको छ। पटकपटक नगरपालिकालाई जानकारी गराउँदा समेत विद्यालयमा जग्गा ल्याउनु पर्नेमा नगरपालिकाले खासै चाँसो देखाएको प्रधानाध्यापक पौडेलले बताउनुभयो।

मध्यबानेश्वरस्थित रत्न राज्यलक्ष्मी उच्च माध्यमिक विद्यालयका विद्यार्थीले शिक्षक समक्ष खेल मैदानको अभाव भएको गुनासो गर्दै आएको पनि धेरै भयो । विद्यालयमा भएको एउटा अन्तरक्रिया कार्यक्रममा बोल्दै प्रधानाध्यापक र वडाध्यक्ष समक्ष खेल्ने मैदान उपलब्ध गराइदिनुपर्ने माग राखेका थिए ।

कक्षा ९ की विद्यार्थी क्रिष्टिना खड्काले काठमाडौँ महानगरपालिका-१० का अध्यक्ष रामकुमार केसीसमक्ष खेलमैदान साँघुरो भएको र खेल्ने वातावरण मिलाइदिन अनुरोध गरेकी थिइन् । खड्काले सोमबार आफ्नै स्कुलको हलभित्र वडाध्यक्षलाई प्रश्न गरेकी हुन् । विद्यालयमा विद्यार्थीको संख्या प्रत्येक वर्ष बढ्दै गएकाले विद्यालयको खेल मैदान साँघुरो भएको हो ।

दुई हजारभन्दा बढी विद्यार्थी रहेको विद्यालयमा खुलेर खेल्ने मैदन साँघुरो हुँदै गएको विद्यालयका प्रधानाध्यापक रामाशिष यादवले स्वीकार गर्नुभयो । काठमाडौँ महानगरपालिका-१० का वडाध्यक्ष रामकुमार केसीले विद्यार्थीलाई खेल्न जरुरी रहेको बताउँदै चाँडै खेलमैदानको बनाउने योजना रहेको सुनाउनुभयो । "काठमाडौँका अधिकांश विद्यालयमा खेलमैदानको अभाव छ", उहाँले भन्नुभयो, "खेलबिनाको बालविकास हुन सक्दैन । हामीले खेलमैदान उपलब्ध गराउने योजनामा छौँ ।"

**खेलमैदान बिनाका स्कुलमा खेल्दैमा सरकारको नीति असफल**

स्थानीय तहदेखि सङ्घीय शिक्षा नीतिसम्म बालमैत्री विद्यालय हुन खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी वा विगाहमा) अनिवार्य हुनुपर्ने उल्लेख छ । काठमाडौँ महानगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन नियमावली, २०७४ मा पनि विद्यालयका अनिवार्य पूर्वाधार शर्तमा खेलकुद मैदान अनिवार्य हुनुपर्ने बताइएको छ । खेलकुद र त्यसलाई आवश्यक पर्ने पूर्वाधारसहितको 'गरी खाने शिक्षा, महानगरको इच्छा' भन्ने नाराका साथ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महानगर गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । सङ्घीय र स्थानीय शिक्षा नीतिमा राखिएका बालमैत्री बुँदाहरुमध्ये खेलमैदान व्यवस्थापन गर्न चुनौती नै थपिएको शिक्षकहरु बताउनुहुन्छ ।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले स्थानीय तहमा निर्वाचन भएको वर्षदेखि नै विद्यालयलाई बालमैत्री बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । महानगरपालिकाको २०८०/८१ नीति तथा कार्यक्रममा नै हेर्ने हो भने पनि खेलकुदमा विद्यार्थीलाई जोड दिइएको छ ।

नीति तथा कार्यक्रममा शिक्षा नीतितर्फ महानगरपालिकाले भनेको छ, "सामुदायिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्नसक्ने क्षमताको विकास गर्न आधारभूत प्राविधिक ज्ञान र सीपका साथै तन्दुरुस्त जीवनका लागि खेलकुद र त्यसलाई आवश्यकपर्ने पूर्वाधारसहितको गरी खाने शिक्षा, महानगरको इच्छा भन्ने नाराका साथ शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महानगर गौरवको योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।"

गुजेश्वरी विद्यालयकी प्रधानाध्यापक नीति पौडेलका अनुसार बालमैत्री विद्यालय बनाउन बजेट आएको भए पनि भौतिक संरचनाको जटिलताका कारण व्यवस्थापन गर्न सकिएको छैन ।शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका शाखा अधिकृत उषा लामिछानेका अनुसार बालबालिकाको व्यक्तित्व विकासका लागि अविनार्य खेलकुद हुनुपर्छ । शैक्षिक पाठ्यक्रममा नै कक्षा १ देखि योग सिकाउने भनिएकोछ । विद्यार्थी अधिकांश समय विद्यालयमै बिताउने हुँदा उनीहरुको शारीरिक स्वास्थ्यको लागि खेलकुद अतिआवश्यक रहेको उहाँले बताउनुभयो । कक्षा १ देखि नै योगका तीन आशन जस्तै, सब आसन, सुखासन र शिशु आसन सिकाउने शैक्षिक पाठ्यक्रममा उल्लेख भए पनि विद्यालयमा पूर्णरुपमा लागू नभएको उहाँले सुनाउनुभयो ।रासस

मधेस प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
कलैया, बारा

**क्याट्लग सपिङ्ग विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी संशोधित सूचना**

प्रथम पटक प्रकाशित मिति:२०८१/०२/२९ गते

यस कार्यालयको आ.व.२०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार औषधी तथा औषधिजन्य सामग्रीहरु ढुवानीका लागि तपसिल वमोजिमको चार पाङ्ग्रे सवारी खरिद गर्नुपर्ने भएकोले सवारी साधन प्रदान गर्न ईच्छुक ईजाजत प्राप्त उत्पादन कम्पनी वा अधिकृत/आधिकारिक बिक्रेताहरुले कम्पनी, फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता, Letter of Authorization र आ.व. २०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपीहरु समावेश गरी सवारी साधनको उत्पादनको आधिकारिक स्पेशिफिकेशन, मूल्य र सुविधासहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा कार्यालय समयभित्र निवेदन दर्ता गर्नुहुन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ (क) को खण्ड ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) तथा उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने कार्यविधि, २०७४ को दफा ९ बमोजिम सम्बन्धित उत्पादक वा आधिकारिक बिक्रेताहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । थप जानकारी तथा विस्तृत स्पेशिफिकेशनको लागि यस स्वास्थ्य कार्यालय, कलैया, बारामा सम्पर्क गर्न सकिने छ ।

तपसिल:

| सि.नं. | सवारी साधनको नाम | संक्षिप्त बिबरण | कैफियत |
|---|---|---|---|
| १. | 4WD चार पांग्रे डबल क्याव पिकअप-१ थान | Double Cab Pick Up, Right Hand Drive model with four wheel drives, Water cooled diesel Engine, displacement not less than 2100 cc developing rated Power Output not less than 130PS and Torque not less than 300 N–m at governed RPM, Minimum 1 year warranty after acceptance. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ । |

कार्यालय प्रमुख

जनकपुरधाम उप-महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मधेश प्रदेश
जनकपुरधाम, धनुषा

**बोलपत्र आव्हानको सूचना**

प्रकाशित मिति:- २०८१/०२/३०

नगर क्षेत्रभित्रको विज्ञापन कर सामग्रीहरुको विज्ञापन कर असुल उपर गर्न आर्थिक ऐन २०७८ को दफा (८) को अनुसुची (७) तथा राजश्व परामर्श समितिको मिति २०८१/०२/२७ को निर्णय बमोजिम सिलबन्दी बोलपत्र आव्हान गरिएकोले ईच्छुक विज्ञापन एजेन्सीबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. मुल्य अभिवृद्धि करमा दर्ता भई कर चुक्ता भएको विज्ञापन एजेन्सीले मात्र बोलपत्र लिन पाउनेछ ।
२. यो सुचना प्रकाशित मितिले ३० (तिस) दिन भित्र यस कार्यालयबाट रु. ३०००.०० (अक्षरेपी रु. तीन हजार मात्र) तिरी निवेदन सहित मिति २०८१/०३/२६ गते दिनको ५:०० बजे सम्म बोलपत्र खरिद गर्न सकिनेछ ।
३. ज.उ.म.न.पा.अन्तर्गत लाग्ने विज्ञापन कर ज.उ.म.न.पा.ले तोकेको दर बमोजिम ठेकेदारले असुल उपर गर्न पाउनेछ ।
४. ठेक्का कबुल अंकको नेपाली विज्ञापन एजेन्सीले ५% रकम यस कार्यालयको रा.वा.बैंक जनकपुरधाम (भानु चौक शाखा) मा रहेको यस ज.उ.म.न.पा.को धरौटी खाता नं. १२२०१००३०३००००७ मा जम्मा गरेको सक्कलै बैंक भाउचर बोलपत्र साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
५. ठेक्का स्वीकृत भएपछि कबुल रकम दुई किस्तामा बुझाउनु पर्नेछ जस मध्ये पहिलो किस्ता वापतको रकम सम्झौता हुनु पुर्व तथा अन्य किस्ता वापतको बैंक ग्यारेण्टी बुझाए मात्र सम्झौता गरिनेछ ।
६. नेपाल सरकारलाई बुझाउनु पर्ने सबै किसिमको कर ठेकेदारले नै बुझाउनु पर्नेछ ।
७. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन, करारनामा उल्लेखित शर्त बमोजिम काम गर्नुपर्नेछ ।
८. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार ज.उ.म.न.पा.मा निहित रहनेछ ।
९. बोलपत्र भर्दा आफुले कबुल गरेको रकम अंक र अक्षर स्पष्ट रुपमा भरी राम्ररी खामबन्दी गरी सिलबन्दी लाहाछाप लगाई आफ्नो नाम र ठेगाना समेत लेखि विज्ञापन करको सिलबन्दी टेण्डर मिति २०८१/३/२७ गते दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ ।
१०. बोलपत्र फारम मिति २०८१/३/२७ गते दिनको २ बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ, उक्त समयमा टेण्डरदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि टेण्डर खोलिने कार्य रोकिने छैन ।
११. ठेकेदार तथा ज.उ.म.न.पा बिचकुनै किसिमको मतभिन्नता भएमा ज.उ.म.न.पा.को निर्णय अन्तिम हुनेछ ।
१२. यसमा नपरेका कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
१३. ठेक्का अवधि आ.व. २०८१/०८२ आषाढ मसान्त सम्मको लागी कायम रहनेछ ।
१४. बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८१/३/२६ गते र बोलपत्र दर्ता मिति २०८१/३/२७ गते सार्वजनिक विदा परेको खण्डमा सोको भोली पल्ट उक्त कार्यहरु सम्पादन गरिनेछ ।
१५. आ.व. २०८१/०८२ को लागी न्युनतम कबोल रकम रु. २१०००००.०० (रु.एकाईस लाख मात्र) कायम गरिएको छ ।
१६. कानुनले निषेध गरेका विज्ञापन सामग्री विज्ञापन गर्न पाउने छैन ।
१७. यस उपमहानगरपालिकाले जानकी मन्दिरलाई विश्व सम्पदा सुचीमा सुचिकृत गर्न तोकिएको प्रस्तावित सम्पदा क्षेत्रभित्र कुनै किसिमको विज्ञापन गर्न गराउने कार्य पुर्ण रुपले निषेध गरिएको छ ।

# ग्लोबल आइएमई बैंकद्वारा "डिजिटल युनिभर्स" सञ्चालनमा

**टुडे समाचारदाता**

जनकपुरधाम । ग्लोबल आइएमई बैंक लिमिटेडले अधिकांस बैंकिङ सेवाहरु बैंकको वेबसाइटमार्फत अनलाइन उपलब्ध गराउने गरी "डिजिटल युनिभर्स" सञ्चालनमा ल्याएको छ।

सूचना प्रविधिको विकास र विस्तारसँगै विश्वभर देखिएको डिजिटल बैंकिङतर्फको बढ्दो आकर्षण र ग्राहकहरुको आवश्यकतालाई मध्यनजर गरी बैंकले आफ्ना दुई दर्जनभन्दा बढी सेवाहरुलाई बैंकको वेबसाइट मार्फत अनलाइनबाटै प्रदान गर्ने व्यवस्था गरेको हो। बैंकले क्यूआर कोड तथा पीओएस रजिस्ट्रेसन, इजी बाई इजी पे, इकम कार्ड आवेदन, मुद्दती निक्षेप खाताको आवेदन, नयाँ क्रेडिट कार्ड आवेदन, मोबाइल बैंकिङ एक्सेस, मोबाइल बैंकिङ ब्लक तथा अनब्लक, डेबिट कार्ड ब्लक तथा अनब्लक, नयाँ डेबिट कार्ड आवेदन, डेबिट कार्ड परिवर्तनको आवेदन, ग्रिन पिन (डेबिट कार्डको लागि) आवेदन, क्रेडिट कार्डको विवरणको लागि आवेदन, क्रेडिट कार्ड परिवर्तनको आवेदन, ग्रिन पिन (क्रेडिट कार्डको लागि) आवेदन, क्रेडिट कार्ड ब्लक तथा अनब्लक, डिम्याट, सिआस्बा, मेरो शेयर, टीएमएस खाता खोल्ने, मुद्दती खाता प्रिम्याचुयर आदि ग्राहकमैत्री सेवाहरु बैंकको वेवसाइटबाटै अनलाइन प्रदान गर्नेछ।




ग्राहकहरुले यस बैंकको वेवसाइटमा रहेकाको "डिजिटल युनिभर्स" मा गई वा डव्लु डव्लु डव्लु डट डिजिटलयुनिर्भस डट जीआईविएल डट कम डट एनपी मा सिधै क्लिक गरी उल्लेखित सेवाहरु आफ्नो अनुकुलमा प्रयोग गर्न सक्नुहुनेछ। बैंकले केहि दिन अगाडिमात्र विभिन्न स्वचालित डिजिटल बैंकिङ सेवाहरु प्रदान गर्ने गरी छुट्टै लाउन्ज "डिजिटल युनिभर्स" सञ्चालनमा ल्याएको थियो।

जसमा चेक जम्मा गर्ने मेशिन, नगद जम्मा गर्ने मेशिन र एटीएम मेशिन जस्ता अत्याधुनिक मेशिनहरु रहेका छन् । पछिल्लो समय इन्टरनेट प्रयोगकर्ताहरुलाई अनलाइनमार्फत नविनतम् बैंकिङ अनुभव प्रदान गर्ने उद्देश्यले बैंकले डिजिटल युनिभर्स सार्वजनिक गरेको हो । आजको युगमा डिजिटल बैंकिङको महत्व बढ्दै गएको छ । डिजिटल बैंकिङले ग्राहकहरुलाई आफ्नो अनुकूल समयमा सुरक्षित र सहज बैंकिङ सेवा उपलब्ध गराउँछ । ग्लोबल आइएमई बैंकको डिजिटल युनिभर्स नेपाली बैंकिङ क्षेत्रमा नवीन प्रयास रहेको छ । यसले हाम्रो बैंकिङ क्षेत्र तथा मुलुकको समग्र डिजिटल रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्ने हाम्रो अपेक्षा छ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो। बैंकको ३५४ शाखा कार्यालय, ३७९ एटिएम, २७७ शाखा रहित बैंकिङ्ग सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ४६ लाख भन्दा बढी ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गरी लावान्भित गरिरहेको छ।

बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ।

# सिटिजन्स बैङ्क र ग्राण्ड नोरलिङ होटेल रिसोर्टबिच सम्झौता

टुडे समाचारदाता

जनकपुरधाम । सिटिजन्स बैङ्क इन्टरनेसनल लिमिटेड र ग्राण्ड नोरलिङ होटेल रिसोर्टबिच छुटसम्बन्धी समझदारी भएको छ । बैङ्कले मूलपानी, काठमाडौँस्थित उक्त रिसोर्टसँग बैङ्कका ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर गरेको हो। सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैङ्कका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले ग्राण्ड नोरलिङ होटेल रिसोर्टका सेवाहरूमा १० प्रतिशतसम्मको गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ।

डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैङ्कको वेबसाइटमा प्राप्त गर्न सकिनेछ।

सिटिजन्स बैङ्क इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १९० वटा शाखा, १५३ वटा ए.टि.एम. र ९८ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १७ लाख ५० हजार ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ।



आकर्षक छुट पाउनेछन्।

यस किसिमको सहकार्यबाट बैङ्कका ग्राहकहरू लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैङ्कले लिएको छ । बैङ्कले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन

हाल ५५ जिल्लामा आफ्नो सेवा प्रदान गर्दै आएको सिटिजन्स बैङ्क इन्टरनेसनल लिमिटेडले यसै आर्थिक वर्ष थप ७ शाखाहरू विस्तार गरेर आगामी दिनमा देशको ६० वटा जिल्लामा सेवा प्रदान गर्नेछ।

# जलविद्युत् समूह चम्किँदा नेप्से परिसूचक ३३ दशमलव १५ अङ्कले बढ्यो



काठमाण्डु । जलविद्युत् कम्पनीको शेयर कारोबार चम्किँदा नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३३ दशमलव १५ अङ्कले बढेको छ। मंगलबार नेप्से परिसूचक एक दशमलव ५९ प्रतिशतले बढेर दुई हजार एक सय १५ दशमलव २४ को बिन्दुमा कायम भएको हो।

मंगलबार तीन सय ११ कम्पनीको एक करोड २६ लाख ६५ हजार तीन सय २९ कित्ता शेयर ७४ हजार आठ सय ७७ पटक खरिदबिक्री हुँदा रु पाँच अर्ब ५५ करोड ५३ लाख ६१ हजार सात सय ३९ बराबरको कारोबार भएको छ । जलविद्युत् कम्पनीहरुको मात्र मंगलबार रु दुई अर्ब २८ करोड सात लाख ९० हजार आठ सय ४५ बराबरको ५९ लाख ७९ हजार चार सय ४३ कित्ता शेयर किनबेच भएको छ।

मंगलबारको कारोबारमा जलविद्युत् समूहको उपसूचक दुई दशमलव ५८, व्यापार दुई दशमलव १२, निर्जीवन बीमा दुई दशमलव १९, जीवन बीमा दुई दशमलव ४० र वित्त समूह दुई दशमलव १६ प्रतिशतले बढेको छ। बैंकिङ समूह एक दशमलव ७३, विकास बैंक एक दशमलव ४२, होटल तथा पर्यटन शून्य दशमलव ५९, लगानी एक दशमलव ०९ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ४० प्रतिशतले बढेको छ। त्यस्तै, म्युचुअल फन्ड शून्य दशमलव ५० र अन्य समूहको उपसूचक शून्य दशमलव ५३ प्रतिशतले बढेको छ । बरुण हाइड्रोपावर कम्पनी लिमिटेड, ग्रीन भेन्चर लिमिटेड, कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेड र भगवती हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

सबैभन्दा धेरै गुमाउनेमा भने सामलिङ्ग पावर कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव ८१ र कुमारी इक्विटी फन्डको शेयर मूल्य चार दशमलव ९४ प्रतिशतले घटेको छ ।कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेडको रु ३६ करोड ३० लाख ९२ हजार नौ सय १० बराबरको पाँच लाख २५ हजार एक सय ८५ कित्ता शेयर किनबेच भएको छ।रासस


## Helen Keller International Nepal
## VACANCY ANNOUNCEMENT

HELEN KELLER INTL

Guided by the remarkable legacy of its co-founder, Helen Keller, Helen Keller Intl partners with communities striving to overcome long standing cycles of poverty. By delivering the essential building blocks of good health, sound nutrition and clear vision, we help millions of people create lasting change in their own lives. With over 35 years of experience in Nepal, we are ensuring every person has the opportunity – as Helen did – to reach their true potential.

USAID Integrated Nutrition's primary goal is to improve the nutrition status of women, adolescents, and children in Nepal's underserved and marginalized communities. This anticipated five-year position is contingent on Helen Keller being awarded funding.

We are seeking passionate, creative and dedicated individuals to join us in the anticipated USAID Integrated Nutrition project in Nepal for the following positions:

| Position | No.of Positions | Location | Closing Date |
|---|---|---|---|
| Province Lead | 4-6 | Janakpur, Madhesh Province<br>Bhaluwang, Lumbini Province<br>Birendra Nagar, Karnali Province<br>Dipayal/Silgadi, Sudur Paschim Province<br>Biratnagar, Koshi Province<br>Hetauda, Bagmati Province<br>Gandaki Province | June 26, 2024 |

**To Apply:** Qualified candidates should visit Careers – Helen Keller International Nepal (helenkellerintl.org.np) to fill out the application form and submit a cover letter and resume for the interested position.

**In the spirit of our founder and namesake, Helen Keller is dedicated to building an inclusive workforce where diversity is fully valued.**

All qualified applicants will receive consideration for employment without regard to race, color, religion, gender, caste, age, disability, or any other status that has no bearing on the ability of an individual to perform the functions of the job.



## लक्ष्मीनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### लक्ष्मीनियाँ बजार, धनुषा
### मधेश प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सुचना

सुचना प्रकाशित मिति – २०८१।०२।३० गते

यस गाउँपालिकाको तपशिल बमोजिमको ठेक्का नं मा उल्लेखित कार्यको लागि मिति २०८०/१२/२५ गते राष्ट्रिय दैनिक तथा e–bid मार्फत प्रकाशित बोलपत्र आव्हानको सुचना अनुसार रितपुर्वक म्यदभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा सफल भएका तपशिलका बोलपत्रदाताहरुको बोलपत्रको आर्थिक प्रस्ताव २०८१।०३।०५ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम (५) र (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपशिल

| सि. नं. | ठेक्का नं. | कामको विवरण | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली | कैफियत |
|---|---|---|---|---|
| १ | LAX/WORKS/ 03-2080/81 | Laxminiya Mai Saundaryakaran | M/S S.P./AASHREEYA J.V., Bhaktapur | |

**प्रमुख प्रशासकीय अधिकृत**



## जनकपुरधाम उप–महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### मधेश प्रदेश
### जनकपुरधाम, धनुषा

## बोलपत्र आव्हानको ३० दिने सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०२/३०**

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्रमा सामान्य दिनहरु बाहेक मासिक पूर्णिमा, रक्षाबन्धन, कृष्णाष्टमी, ईन्द्रपुजा, मकर संक्रान्ती, अन्तरगृह परिक्रमा, चैते दशैं, चैती छठ, विवाह पञ्चमी, राम नवमी, जानकी नवमी, दशैं, तिहार तथा छठ पर्व विभिन्न पुजा र अन्य व्यवसायिक मेलाहरुको लागी मात्र सम्पूर्ण नगरक्षेत्रमा आगामी आ.व. ०८१/८२ असार मसान्तसम्मको लागी जनकपुरधाम उपमहानगरपालिकाको आर्थिक ऐन, २०८० को दफा (९) को अनुसूची (८), जनकपुरधाम उप-महानगरपालिका आय ठेक्का बन्दोबस्त नियमावली, २०७७ को परिच्छेद-२ को नियम ३ (१) तथा राजश्व परामर्श समितिको मिति २०८१/०२/२७ को निर्णय बमोजिम ठेक्का बन्दोबस्ती लगाउने निर्णय भए अनुसार आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र निम्न शर्त/बन्देजहरुको अधिनमा रहि बोलपत्र खरिद वा दाखिला गर्न यो ३० (तीस) दिने बोलपत्र आव्हान गरिएको छ।

**निम्न**:–

१. यस राम जानकी पेठीया बजार तथा माछा बजारको बहाल बिटौरी करको छुट्टै ठेक्का बन्दोबस्त भएकोमा उक्त क्षेत्रभित्र बहाल बिटौरी कर असुल उपर गर्न पाउने छैन।

२. ठेक्का कबोल अंकको ५ प्रतिशत धरौटी बापत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, (भानुचोक शाखा) जनकपुरधामको धरौटी खाता नं १२२०१००३०३००००००७ मा जम्मा गरेको सक्कलै भौचर र नेपाली नागरिकताको छाँयाप्रति बोलपत्र सहित संलग्न राखि पेश गर्नुपर्ने छ साथै यस कार्यालयको राजश्व शाखामा नगदी रु. ३०००.०० (तिन हजार रुपैयाँ मात्र) को नगदी रसिद लिई मिति २०८१/३/२६ गते सम्म बोलपत्र खरिद गर्न सकिनेछ।

३. ठेक्का स्वीकृत भएपछि कबोल रकम चार (४) किस्तामा बुझाउनु पर्नेछ, जसमध्ये सम्झौता गर्नु अघि एक किस्ता नगदी तथा अन्य तिन किस्ता रकम बराबरको बैंक ग्यारेण्टी वा सोही बराबरको धनजमानी बुझाउनु पर्नेछ वा कबोल रकम एकमुष्ट अग्रिम बुझाएमा ५ प्रतिशत छुट समेत दिइनेछ।

४. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र करारनामामा उल्लेखित शर्त बमोजिम कार्य गर्नु गराउनु पर्नेछ। नेपाल सरकारलाई बुझाउनुपर्ने सबै किसिमका करहरु ठेकेदारले नै बुझाउनु पर्ने छ।

५. बोलपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार कार्यालयलाई रहने छ।

६. केरमेट, सहिछाप नभएको, म्याद नाघि पर्न आएका बोलपत्रहरु स्वीकृत गरिने छैन।

७. बोलपत्र फारममा भरेको रकम अक्षर र अंकमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।

८. बोलपत्रदाता तथा यस कार्यालय बिच कुनै किसिमको मतभिन्नता भएमा कार्यालयको निर्णय अन्तिम हुनेछ।

९. बोलपत्र फाराम भर्दा आफूले नाम र ठेगाना समेत लेखि सिलबन्दी बोलपत्र मिति २०८१/३/२७ गते दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ।

१०. बोलपत्र फारम मिति २०८१/३/२७ गते दिनको २:०० बजे सम्बन्धित प्रतिनिधिहरुको रोहबरमा खोलिने छ, उक्त समयमा बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलिने कार्य रोकिने छैन।

११. ठेक्का अवधि सम्झौता करार भएको मिति देखि मिति २०८२ असार मसान्त सम्मको लागी मात्र कायम रहने छ।

१२. ठेक्काको न्यूनतम कबोल रकम रु. २१,००,०००.०० (रु. एकाईस लाख रुपैयाँ मात्र।) कायम गरिएको छ।

१३. बोलपत्र खरिद गर्ने अन्तिम दिन तथा दर्ता गराउने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा गरिनेछ।

१४. दैनिक रुपमा राम जानकी पेठीया बजार तथा माछा बजार क्षेत्रमा ठेक्का बापतको कर असुल गर्न ठेकेदारले पाउने छ।

१५. मेला पूर्णिमा लगायतका चाडपर्वहरुमा मात्र बजार लगाई बहाल बिटौरी असुल गर्ने भएकोले उक्त समयमा ट्राफिक व्यवस्थापन अवरोध नहुने गरी सडक पेटी एवं फुटपाथमा खुल्ने पसलहरु अन्य दिनबाहेक मेला पर्व तथा उत्सवहरुमा मात्र संचालनमा रहने हुँदा उक्त समयमा देश विदेशका विशिष्ट पदाधिकारीहरुको आवागमनको समयमा सुरक्षाको कारण अस्थायी रुपमा पसलहरु हटाइएको खण्डमा कुनै किसिमको क्षतिपूर्ति उपलब्ध गराइने छैन्।

१६. यस सूचनामा उल्लेखित पर्व, त्योहार मेला पुर्णिमा बाहेक अन्य दिनहरुमा बजार लगाउन तथा वहाल, विटौरी कर असुल गर्न गराउन पुर्ण रुपमा निषेध गरिएकोछ।

# सात महिनादेखि कर्मचारीले तलब नपाएको गुनासो

**टुडे समाचारदाता**

मलंगवा । वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन पैदावार विकास समितिका एक सय ९४ कर्मचारीले सात महिनादेखि तलब नपाएको गुनासो गरेका छन् । समिति मातहतका सागरनाथ वन विकास परियोजना सर्लाही, रतुवामाई वृक्षरोपण आयोजना केरखा झापा र समितिमा कार्यरत कर्मचारीले तलब नपाएको गुनासो गरेका छन् ।

समितिका नौ जना, सागरनाथ वन विकास परियोजनाका एक सय ४३ र रतुवामाई वृक्षरोपण आयोजनाका ४२ कर्मचारीले तलब नपाएको नेपाल निजामती कर्मचारी संगठन सागरनाथ वन विकास परियोजना, सर्लाहीका अध्यक्ष छत्रबहादुर लामाले जानकारी दिए । उनका अनुसार समिति मातहतका परियोजनाका साथै आयोजना क्षेत्रमा उत्पादित वन पैदावार बिक्री नहुँदा कर्माचारीहरुले गत मङ्सिरदेखि तलब पाएका छैनन् । अवकाश लिएका १८ कर्मचारीलेसमेत उपदानबापतको रकम पाएका छैनन् ।

परियोजना क्षेत्रमा उत्पादित करिब २० करोड मूल्य बराबरको एक लाख १८ हजार क्युफिट काठ बिक्री नभएपछि तलब दिन नसकेको परियोजना प्रमुख प्रेमीलाल प्रसाद साहले बताए । उनका अनुसार विसं २०३५ सालदेखि आन्तरिक स्रोतबाट सञ्चालन हुँदै आएको समिति मातहतका परियोजना र आयोजना वन नियमावलीमार्फत गोलिया काठ मापन गर्ने नयाँ सूत्र लागु भएपछि समस्यामा परेको छ ।

> परियोजना संघीय सरकारको प्रदेश सरकार मातहत रहने भन्ने मुद्दा सर्वोच्च अदालतमा छ वर्षदेखि विचाराधीन रहेका कारण समिति अलपत्र बनेको छ । सहसचिवको दरबन्दी रहेको परियोजनामा कार्यालय प्रमुखसमेत आउन नमान्ने समितिले जनाएको छ ।

काठ बिक्री नहुँदा समिति आर्थिकरुपमा धराशायी बनेको छ । काठ बिक्री गर्न पटकपटक ठेक्का आह्वान गर्दा पनि व्यवसायीले ठेक्का सकार नगरेपछि घाटगद्धीमै काठ थन्किएको वन पैदावार विकास समितिका कार्यकारी अध्यक्ष राजदेवप्रसाद यादवले बताए । उनका अनुसार सरकारसँग आठ करोड किस्ताबन्दीमा ऋण लिएर यसअघि १३ महिनाको तलब दिएको भए पनि अहिले कर्मचारीलाई तलब दिन नसकेको अध्यक्ष यादवले बताए ।

परियोजना संघीय सरकारको प्रदेश सरकार मातहत रहने भन्ने मुद्दा सर्वोच्च अदालतमा छ वर्षदेखि विचाराधीन रहेका कारण समिति अलपत्र बनेको छ । सहसचिवको दरबन्दी रहेको परियोजनामा कार्यालय प्रमुखसमेत आउन नमान्ने समितिले जनाएको छ ।

पहिला 'क्वाटर गर्थ' सुत्रमार्फत काठ नापजाँच तथा बिक्री हुने गरिएको भए पनि वन नियमावली संशोधन गरी 'हुबर' सुत्रले हिसाब गर्दा काठको परिमाण र राजस्व दर धेरै निस्किने गरेका कारण परियोजना क्षेत्रमा उत्पादन भएको टिक, सिसौ, कर्मा, जामुन, अस्ना, टुनी, शिरिष, भुडकुल, गुटेल र बाँझीलगायत प्रजातिका काठ लामो समयदेखि बिक्री भएको छैन । काठ कुहिने अवस्थामा पुगेको छ ।

# सांसदलाई ५ करोड दिने निर्णयविरुद्ध सर्वोच्चमा रिट

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेशका सांसदलाई पैसा वितरण गर्ने निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएको छ । मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइ मनिषकुमार मण्डल, पारितोषकुमार साह र आबिद हुसैनले सर्वोच्चमा रिट दर्ता गराएका छन् ।

जनमत पार्टीका नेता सतीश सिंहको नेतृत्वमा गठित मधेश प्रदेश मन्त्रिपरिषद्को पहिलो बैठकले प्रत्यक्ष निर्वाचित सांसदलाई ५ करोड र समानुपातिक सांसदलाई एक करोड ५० लाखको योजना दिने निर्णय गरेको थियो । त्यसलाई चुनौती दिँदै उनीहरुले मंगलबार रिट दायर गरेको सर्वोच्च अदालतका सहप्रवक्ता गोविन्द घिमिरेले जानकारी दिए ।

उक्त निर्णय शक्ति पृथकीकरणको सिद्धान्त विपरीत रहेको भन्दै निर्णय बदर गरी परमादेशको आदेश जारी गर्न माग गरिएको छ । रिटको पेशी बुधबारलाई तोकिएको छ ।

मधेश सरकारले गरेको उक्त निर्णयले संविधानको धारा १६२ र धारा २१४ अनुरूप प्रदेश कार्यकारिणी र स्थानीय तहको कार्यकारिणी अधिकारसमेत हस्तक्षेप भएको रिटमा दाबी गरिएको छ ।

रिटमा आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा भएको संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम तत्काल कार्यान्वयन नगराउन सर्वोच्चले गरेको अन्तरिम आदेशलाई पनि उल्लेख गर्दै उनीहरुले मधेश सरकारको निर्णय रोक्न माग गरेका छन् ।

सर्वोच्चले पूर्वाधार विकास कार्यक्रमले जनप्रतिनिधिहरूको व्यक्तिगत तजबिजमा खर्च गर्नु योजनाबद्ध विकासको अवधारणा तथा सुशासनको मान्यता अनुकूल नदेखिने भन्दै रोक लगाएको थियो ।

# जग्गा खाली गराएपछि घरबारविहीन




**टुडे समाचारदाता**

राजविराज । पुस्तौ देखि वसोवास गर्दै आएको जग्गा बलपूर्वक खाली गराई आफूहरुलाई उठिवास गराइएको एक भूमिहीन परिवारले गुनासो गरेका छन ।

राजविराजमा मंगलवार आयोजित पत्रकार सम्मेलनमा तिलाठी कोइलाडी गाउँपालिका ४ का ऐनेश्वर मंडल र उनका परिवारजनले यस्तो गुनासो गरेका छन् ।

विगत ३ पुस्ता देखि ७ धुर जग्गामा फुसको घर बनाइ वसोवास गर्दै आएका आफूहरुलाई छिमेकी रमणकुमार सिंहले बलपूर्वक खाली गर्न लगाएको पीडित परिवारका अभिभावक ७५ वर्षीय ऐनेश्वर मण्डलले बताए ।

परिवारका सबै सदस्यसहित पत्रकार सम्मेलनमा उपस्थित भएका उनीहरुले घर खाली गराउने क्रममा गाली गलौज, दुर्व्यहार गर्नुका साथै घरको छाना तोडफोड तथा घर भित्र रहेका खाद्यान्न, भाडाकुडा र लत्ताकपडा सबै बाहिर फ्याकिदिएको गुनासो समेत गरेका छन् ।

मण्डलका छोरा, बुहारी, नाती, नातिनी गरी ११ जना छन् । घर तोडफोड हुदाँ सबैको विचल्ली भएको उनले बताए । मण्डलका बुहारी सरोज देवीले आफूहरु वसोवास गर्दै आएको उक्त जग्गा २०२६ साल तिर तत्कालीन जमिन्दार चन्द्रीका सिंहले आफूहरुलाई दिएको बताइन । चन्द्रिकाको मृत्यु भएको पनि लामो समय वितिसकेको छ । उनका परिवारका सबै सदस्य हाल भारतमा छन् ।

रमण सिंहले भने २०२८ साल तिर उक्त जग्गा चन्द्रिका सिहले आमा श्यामसुन्दरी देवीलाई दिइसकेको दाबीका साथ सोही आधारमा कानुनी प्रक्रिया तहत खाली गराइएको बताइन् ।

पीडित मण्डल परिवारले गाउँमा वसेको पंचायतमा रमण सिहले प्रति धुर २ लाखका दरले ७ धुरको १४ लाख रुपैयाँ दिएमात्र सो जग्गामा वसोवास गर्न दिने शर्त राखेको बताए । आफूहरु यति ठूलो रकम तिर्ने हैसितयतमा नरहेकाले विचल्लीमा परेको मण्डल परिवारको भनाइ छ । मण्डल परिवारले चन्द्रिका सिंहको नाममा रहेको उक्त जग्गा जालझेल गरी सिंह परिवारले कब्जा गरेको गुनासो गर्दै यसको सत्यतथ्य छानबिन हुनु पर्ने माग गरेका छन ।

यता सिंह परिवारले उक्त जग्गा आफूहरुको नै रहेको र मण्डल परिवारले वर्षौ देखि अनाधिकृत रुपमा कब्जा गरी बसेकाले कानुन सम्मत खाली गराइएको जनाएका छन् ।

# मुसहर महिलालाई वित्तीय साक्षरता

**टुडे समाचारदाता**



मलंगवा । सर्लाहीको बरहथवा नगरपालिका-८ टाँडीका लीला पासवान अहिले घरबारविहीन भएको छ । पाँच धुर जग्गामा बनेको पक्की घर साहुलाई बुझाएर उनी डेरा गरेर बस्छन् । तीन वर्षअघि लिएको छ लाख रुपैयाँ ऋण र त्यसको चर्को ब्याजले उनको परिवार घरबारविहीन हुनुपरेको छ ।

तीन वर्षमा छ लाख साँवाको ब्याज समेत गरेर १३ लाख ९० हजार रुपैयाँ साहुलाई बुझाउनु पर्ने अवस्था आयो । ज्याला मजदुरी गरेर परिवार पाल्दै आएका उनलाई अहिले १४ लाख तिर्न पहाड फोडेजस्तै भएको छ ।

अनेक प्रयास गर्दा पनि पैसा बुझाउन नसकेपछि उनले घरघडेरी नै साहुलाई बुझाएका छन् । "पाँच रुपैयाँ ब्याजमा छ लाख रुपैयाँ ऋण लिँदा १४ लाख रुपैयाँ पुग्यो," पासवानले भने, "कसैगरी पनि तिर्न नसकेपछि घरघडेरी नै साहुलाई बुझाएर डेरामा बसेको छु ।"

पासवानलाई जस्तै सर्लाहीमा बसोबास गर्ने अन्य पासवान, मुसहर लगायत दलित परिवार मिटरब्याजको चपेटामा परेका छन् । साहुसँग लिएको ऋण तिर्न नसकेर कमारो बस्ने चलन मुसहर बस्तीमा अझै छ । साहुबाट लिएको ऋण तिर्न नसकेर टाँडीकै लालो माझीको परिवार विस्थापित हुन पुग्यो । १० वर्षअघि लिएको २० हजार ऋणको साँवा ब्याज तिर्न नसकेर उनको परिवारले त गाउँ नै छाड्नु परेको छ ।

छ वर्ष साहुको घरमा कमारो बस्दा पनि ऋण तिर्न नसकेपछि उनको पूरै परिवार अहिले मजदुरीका लागि भारत पुगेको छ । सर्लाहीमा २० हजार बढी मुसहर समुदायको बसोबास छ ।

त्यसमध्ये ६० प्रतिशत मुसहर समुदाय मिटरब्याजको चपेटामा रहेका नेपाल मुसहर संघ सर्लाहीका अध्यक्ष ऋतुराज ऋषिले जानकारी दिए । यसरी मिटरब्याजबाट ग्रसित रहेका मुसहर समुदायका लागि सर्लाहीको चार पालिकामा वित्तीय साक्षरता अभियानको सुरुवात गरिएको छ ।

नबिल बैंक र साउथ एसिया पार्टनरशीप नेपाल (साप नेपाल) ले वित्तीय साक्षरता कक्षा सञ्चालन गरेको छ । जिल्लाको बरहथवा र हरिपुर नगरपालिका तथा चन्द्रनगर र बसबरिया गाउँपालिकामा १२० परिवारलाई वित्तीय साक्षरता कक्षामा समावेश गरिएको छ ।

वित्तीय साक्षरता कक्षामा सहभागी भएकाले मुसहर बस्तीमा अरूलाई पनि बुझाउन भूमिका खेल्ने गरी प्रतिनिधिमूलक रूपमा सहभागी गराइएको साप नेपालका प्रादेशिक निर्देशक जनक कार्कीले जानकारी दिए । मुसहर महिलालाई बचतको महत्व बुझाउँदै मिटरब्याजको जोखिमबाट मुक्त गर्न कक्षा सञ्चालन गरिएको कार्कीले बताए ।

बैंक तथा सहकारीबाट ऋण लिँदा घरजग्गा लिलाम हुन्छ भन्ने डर मुसहर समुदायमा रहेको छ । साहुसँग लिएको चर्को ब्याजबाट मुक्त गरी मुसहर समुदायलाई बैङ्क र सहकारीसम्म पुर्‍याउन कार्यक्रम गरिएको छ । बचत गर्ने बानीको विकास र त्यसको फाइदा बुझाउन वित्तीय साक्षरता कक्षा चलाइएको साप नेपालका कोषाध्यक्ष केदार प्रसाद गौतमले जानकारी दिए । चरम गरिबी, अशिक्षा, रोग र भोकले आक्रान्त मुसहर समुदाय गाउँका धनाढ्यको आर्थिक शोषणमा छन् ।

साप-नेपालले यसअघि सर्लाहीका यी चार पालिकामा मुसहर महिला सशक्तीकरण परियोजना सञ्चालन गरेको थियो । सो परियोजना अन्तर्गत मुसहर महिलाकै अग्रसरतामा चन्द्रनगर र हरिपुरमा महाजनमुक्त बचत तथा ऋण सहकारी संस्था स्थापना गरिएको छ ।

चन्द्रनगरको सहकारीमा ८ सय ५० जना र हरिपुरको सहकारीमा ५ सय जना महिला शेयर सदस्य रहेका छन् ।

वित्तीय साक्षरता कक्षामा नबिल बैंकका क्लष्टर म्यानेजर दिनेश अधिकारी, स्वस्तिक सहकारी बयलवासका व्यवस्थापक विनोद थापा, नबिल बैंक बरहथवा शाखाका प्रमुख रामबाबु थापा, हरिवन शाखा प्रमुख उत्सव विडारी, लालबन्दी शाखा प्रमुख श्यामबाबु दाहाल, साप नेपालका कोषाध्यक्ष केदार प्रसाद गौतमले सहजीकरण गरेका छन् ।

# 'आइपिभी खोप' लगाउन बालबालिकाको उत्साहजनक सहभागिता

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सामा पोलियो रोगविरुद्धको आइपिभी खोप शतप्रतिशतकै हाराहारीमा



बालबालिकालाई लगाइएको दाबी गरिएको छ । जिल्लास्तरीय खोप समन्वय समिति सचिवालय पर्साले गत यही जेठ १३ देखि २७ गतेसम्म पोलियो खोप अभियान सञ्चालन गरेको थियो ।

पर्सा स्वास्थ्य कार्यालयका प्रमुख डा मुक्तिनारायण साहले जिल्लामा पोलियो रोगविरुद्धको आइपिभी खोपमा बालबालिकाको उत्साहजनक सहभागिता रहेको बताए । "जिल्लाको १४ वटै पालिकामा आइपिभी खोपमा बालबालिकाको सहभागिता निकै उत्साहप्रद रह्यो", उनले भने, "हामीले खोप लगाएका बालबालिकाको प्रारम्भिक तथ्याङ्कले पनि शतप्रतिशतकै हाराहारीमा पुग्ने देखिएको छ । अहिलेसम्म अन्तिम तथ्याङ्क भने आइसकेको छैन ।"

विसं २०७३ वैशाखदेखि २०७५ असोजभित्र जन्मिएर पनि आइपिभी खोप लगाउन बञ्चित बालबालिकालाई लक्षित गरेर खोप अभियान सञ्चालन गरिएको थियो । जिल्लास्तरीय खोप समन्वय समिति सचिवालयले पर्सा जिल्लाका ३१ हजार आठ सय १२ जना बालबालिकालाई आइपिभी खोप लगाउने लक्ष्यसहित अभियान सुरुआत गरेको थियो ।

प्रमुख डा साहले खोप अभियानमा लक्ष्यभन्दा पनि केही प्रतिशत बढी बालबालिकामा खोप लगाइएको दाबी गरे । "वीरगञ्जमा अन्य क्षेत्रबाट बालबालिका आउने क्रम धेरै हुने भएकाले पनि लक्ष्यभन्दा धेरै बालबालिकाले खोप लगाउन पाएका छन्", उनले भने, "खोप अभियानका क्रममा कुनै पनि प्रकारको अवाञ्छित घटना भएन । सबै निकायको समन्वय र सहकार्यमा खोप अभियानलाई सफलतापूर्वक अघि बढाउन सक्यौं ।"

पर्सामा पहिलो चरणमा जेठ १३ देखि १६ गतेसम्म वीरगञ्ज महानगरको १ देखि १६ सम्मको वडामा खोप अभियान सञ्चालन गरिएको थियो । त्यस्तै सोही अभियानमा बहुदरमाई नगरपालिकासहित विन्ध्वासिनी , पकहामैनपुर, छिपहरमाई, कालिकामाई, धोबिनी र ठोरी गाउँपालिकामा खोप अभियान सञ्चालन गरिएको थियो ।

त्यस्तै दोस्रो चरणमा भने जेठ २३ देखि २६ गतेसम्म सञ्चालन गरिएको थियो । सोही अभियानमा पोखरिया र पर्सागढी नगरपालिका सहित जिराभवानी, जगरनाथपुर, पटेर्वासुगौली र सखुवाप्रसौनी गाउँपालिकाका बालबालिकाममा खोप लगाइएकोथियो।सोहीअभियानमावीरगञ्ज महानगरपालिका-१७ देखि ३२ नम्बर वडा क्षेत्रमा खोप लगाइएको थियो । यस्तै, जेठ २७ गते छुटफुट भएका बालबालिकालाई खोप लगाइएको थियो । पोलियो रोगविरुद्धको खोप दुई प्रकारका रहेका हुन्छन् । मुखबाट खुवाइने पोलियो खोप (ओपिभी) सुईबाट दिइने पोलियो खोप (आइपिभी) भन्ने गरिन्छ ।

# अत्याधिक गर्मीको कारण गौरका विद्यालयहरु बन्द



**टुडे समाचारदाता**

गौर । अत्याधिक गर्मीको कारण जनजीवन प्रभावित हुन थाले पछि गौर नगरपालिकाले सामुदायिक तथा संस्थागत विद्यालयहरु गर्मी बिदा दिएको छ ।

रौतहटमा तापमान ४३ डिग्री सेल्सीयस सम्म पुगेपछि शिक्षा विकास तथा समन्वय इकाई रौतहटले जिल्लाका १८ वटै पालिकालाई गर्मी विदा दिन पत्राचार गरेको छ ।

उच्च तापमानका कारण विद्यालयमा विद्यार्थीहरु बेहोस हुने तथा लु लाग्ने समस्या आएपछि प्रमुख स्तरीय निर्णयबाट गौर नगरपालिका, इशनाथ नगरपालिका, तथा कटहरीया नगरपालिकाले सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा गर्मी बिदा दिएका छन् ।

उच्च तापमानका कारण विद्यालयमा विद्यार्थीहरु बेहोस हुने तथा लु लाग्ने समस्या आएपछि प्रमुख स्तरीय निर्णयबाट गौर नगरपालिकाले सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा २ ९ गते देखी ३२ गते शुक्रवार सम्म गर्मी बिदा दिएको छ ।

अत्याधिक गर्मीका कारण विद्यालयहरुको पठनपाठनमा समस्या देखिएकोले तत्कालका लागि ४ दिन शुक्रवार सम्मका लागि वर्षे विदाबाट कट्टा हुने गरी विदा दिइएको गौर नगरपालिका मेयर शम्भु साहले बताए । गर्मी तथा लु का कारण बालबालिकाको स्वास्थ्यमा प्रत्यक्ष असर पर्न सक्ने भएकोले विद्यालयहरुमा बिदा दिइएको नगर प्रमुख साहले बताए ।

अत्याधिक गर्मीका कारण सरकारी कार्यालयहरुमा पनि सेवाग्राहीको सँख्यामा निकै कमी आएको छ । सधै जसो भीडभाड हुने मालपोत कार्यालय तथा जिल्ला प्रशासन कार्यालयमा पनि सेवाग्राहीको उपस्थिति पातलिएको छ ।

बिहान सूर्योदय भएको केही घण्टा पश्चात नै तापक्रकम ३६ डिग्री हुने गरेको छ भने साँझ ६ बजे सम्म पनि सदरमुकाम गौरमा ४३ डिग्री सम्म तापक्रम रहने गरेको छ । गर्मीले गर्दा बजारहरुमा पनि मानिसहरुको चहलपहल प्राय बेलुका मात्रै हुन थालेको छ । बिहान सबेरै बाट शुरु हुने गर्मीले गर्दा खास गरी ज्याला मजदुरी र खेती किसानी गर्नेहरु अत्याधिक मारमा परेका छन् ।

# बाराको बिटुमिन तथा ब्यारेल उद्योगमा आगलागी

**टुडे समाचारदाता**



कलैया । बाराको जीतपुर सिमरा उपमहानगर-२१ स्थित नेपाल आयल निगम अम्लेखगञ्ज डिपोसँगै रहेको नेपाल बिटुमिन तथा ब्यारेल उद्योगमा आगलागी भएको छ । मंगलबार दिउँसो विद्युत् सर्ट भई आगलागी भएको उद्योग प्रशासनले जनाएको छ ।

उद्योगका कर्मचारी ज्ञान भरोसी प्रसाद गुप्ताले अचानक विद्युत् सर्ट भएर आगलागी भएको बताए । उद्योगमा लागेको आगो नेपाली सेना, जनपथ प्रहरी र सशस्त्र प्रहरीले २ घण्टापछि नियन्त्रणमा लिएका छन् ।

इलाका प्रहरी कार्यालय सिमराका प्रमुख चिरञ्जीवी दाहालले आगलागीबाट भएको क्षतिको विवरण भने आउन बाँकी रहेका बताए । 'अहिले के-के क्षति भयो भन्ने हामीले हेरिसकेका छैनौँ, उद्योगभित्र रहेका कच्चा पदार्थहरू जलेर नष्ट भएको भन्ने सूचना छ,' उनले भने ।

आगलागी नियन्त्रण लिन नेपाल आयल निगम अक्लेखगञ्ज डिपो, जीतपुरसिमरा, कलैया र हेटौंडा उपमहानगरको दमकल प्रयोग गरिएको थियो ।

आयल निगमसँगै रहेको बिटुमिन तथा ब्यारेल उद्योगले सडक कालोपत्र गर्न प्रयोग गरिने कच्चा पदार्थ उत्पादन गर्दछ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८